# स्थानीय योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ मूलप्रवाहीकरण दिग्दर्शन, २०८०

## Guidelines on Mainstreaming Community Resilience and Recovery in Local Plan, 2023

**अन्तिम मस्यौदा (FINAL DRAFT)**

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरवार, काठमाण्डौ, नेपाल

२०८०

| | | |
|---|---|---|
| दिग्दर्शनको शीर्षक | : | स्थानीय योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ मूलप्रवाहीकरण दिग्दर्शन ,२०८० |
| प्रकाशक | : | नेपाल सरकार, गृह मन्त्रालय,<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाण्डौ |
| सम्पर्क | : | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाण्डौ |
| सर्वाधिकार© | : | प्रकाशकमा |
| प्रकाशन मिति | : | २०७९ |
| प्राविधिक सहयोग | : | जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका), सहभागितामूलक ग्रामीण पुनर्लाभ परियोजना |

## बिषयसुची


*परिच्छेद-१: परिचय* ....... 5
१.१ पृष्ठभूमि ....... 5
१.२ दिग्दर्शनको उद्देश्य ....... 5
१.३ दिग्दर्शनको कार्यक्षेत्र ....... 5
१.४ दिग्दर्शनको प्रयोगकर्ता ....... 6
१.५ परिभाषा ....... 6
*परिच्छेद-२: कानूनी आधार तथा संस्थागत संयन्त्र* ....... 7
२.१ कानूनी आधार र प्रावधान ....... 7
२.१.१ अन्तर्राष्ट्रिय सम्झौता ....... 7
२.१.२ राष्ट्रिय नीति, कानून तथा योजना ....... 7
२.२ संस्थागत संरचना ....... 8
*परिच्छेद-३: स्थानीय योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ* ....... 10
३.१ पृष्ठभूमी ....... 10
३.२ स्थानीय योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ एकीकरणका विधि र औजारहरु ....... 10
३.२.१ आवधिक योजनामा विपद उत्थानशीलता तथा पुनर्लाभ एकीकरण ....... 10
३.२.२ वार्षिक नीति, कार्यक्रम तथा बजेटमा विपद् उत्थानशीलता तथा पुनर्लाभ एकीकरण ....... 13
*परिच्छेद-४: सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ कार्यक्रम कार्यान्वियन* ....... 17
४.१ पृष्ठभूमी ....... 17
४.२ उत्थानशीलता तथा पुनर्लाभ कार्यक्रम कार्यान्वयन विधि तथा प्रक्रिया ....... 17
४.२.१ प्रश्ताव आव्हान ....... 17
४.२.२ कार्यान्वयन योग्यताको अध्ययन ....... 17
४.२.३ प्रस्ताव छनौट ....... 17
४.२.४ कार्यक्रम कार्यान्वयन ....... 18
४.२.४ कार्यक्रमको दिगोपना ....... 18
*परिच्छेद-५: सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन* ....... 19
५.१ पृष्ठभूमी ....... 19
५.२ पुनर्लाभ कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रक्रिया तथा विधि ....... 19
५.२.१ कार्यान्वयन गर्ने सामुदायिक संस्था वा समूहबाट नियमित अनुगमन ....... 19
५.२.२ वडास्तरीय अनुगमन ....... 19
५.२.३ गाउँ/नगरपालिकास्तरीय अनुगमन ....... 20
५.३.१ सार्वजनिक परीक्षण ....... 20
५.३.२ आयोजना सम्पन्न प्रतिवेदन ....... 20
*अनुसुचीहरू* ....... 21
अनुसूची १: पुनर्लाभ तथा उत्थानशीलतासँग सम्बन्धित प्रमुख अवधारणाहरु ....... 22
अनुसूची २: स्थानीय तहको योजनामा पुनर्लाभ तथा उत्थानशीलता एकीकरणका मुख्य सिद्धान्तहरु ....... 25
अनुसूची ३: तथ्याङ्क सङ्कलनका लागि विपद् जोखिम न्यूनीकरण/पुनर्लाभका मुद्दाहरू र सूचकहरूको सूची ....... 27
अनुसूची ४: आवधिक योजना तर्जुमाका लागि लक्षित समूह छलफल (FGD) का लागि सहयोगी प्रश्नहरु ....... 34
अनुसूची ५: आवधिक योजनाको समाबेश गरिने अझ राम्रो बलियो निर्माण (BBB) प्राथमिकताका उदाहरण ....... 36
अनुसुची ६: प्रश्तावित सामुदायिक उत्थानशील परियोजनाको कार्यान्वयन योग्यता अध्ययन फारामको ढाँचा ....... 41
अनुसुची ७: सामुदायिक उत्थानशील कार्यक्रम/परियोजना प्रस्तावको ढाँचा ....... 39
अनुसूची ८: उत्थानशीलता निर्माण तथा पुनर्लाभ कार्यक्रम/आयोजना प्रस्ताव मूल्याङ्कनका आधार ....... 41
अनुसुची ९: सामुदायिक उत्थानशिल परियोजना कार्यान्वयन सम्बन्धी सम्झौता-पत्रको नमूना ढाँचा ....... 43
अनुसुची १०: कार्ययोजना र नियमित अनुगमन फाराम ....... 47
अनुसुची ११: गाउँ/नगर एवम् वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति प्रयोग गर्ने अनुगमन फाराम ....... 48

# संक्षिप्त शब्दावलीको पुरा रूप

आ.व. (FY) आर्थिक वर्ष (Fiscal Year)

लै.स.सा.स. (GESI) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

पि.डि.आर.एफ (PDRF) विपद पश्चातको पुनर्लाभ कार्यढाँचा (Post Disaster Recovery Framework)

एन.डि. आर.एफ (NDRF) राष्ट्रिय विपद् उत्थानशील कार्यढाँचा (National Disaster Resilience Framework)

एल.डि.सि.आर.एफ (LDCRF) स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilience Framework- LDCRF)

स.स्था.पु. (PLR) Model सहभागितामूलक स्थानीय पुनर्लाभ ढाँचा (Participatory Local Recovery Model)

प्र.प्र.अ. (CAO) प्रमुख प्रशासकीय अधिकृत (Chief Administrative Officer)

रा.यो.आ. (NPC) राष्ट्रिय योजना आयोग (National Planning Commission)

वि.वि.वि. (BBB) अझ राम्रो बलियो निर्माण (Build Back Better)

सा.स. (CO) सामुदायिक संस्था/समूह (Community Groups)

सि.आर.पि. (CRP) सामुदायिक उत्थानशील परियोजना/कार्यक्रम (Community Resilient Project/Program)

पि.पि.आर.आर. (PPRR) सहभागितामूलक ग्रामीण पुनर्लाभ परियोजना (Participatory Project on Rural Recovery)

# तालिका, चित्र तथा वाकसको सूची

बाकस १: पालुङ्गटार नगरपालिकाको आवधिक योजना परिमार्जन ......................................................१२
बाकस २: गाउँ/नगरपालिकाको दीर्घकालीन सोचका उदाहरण ..........................................................१३
बाकस ३: वार्षिक नीति, कार्यक्रम तथा बजेट बारे वडा समितिका पदाधिकारीका लागि अभिमुखीकरण ........१५
बाकस ४: टोल विकास संस्था र सहभागितामूलक तथा समावेशी योजना ................................... .......१६

# परिच्छेद-१: परिचय

## १.१ पृष्ठभूमि

बहु-प्रकोपीय जोखिममा नेपाल विश्वका शीर्ष २० मुलुक मध्येमा परेको हुँदा भूकम्प, बाढी, पहिरो, आँधी, खडेरी, आगलागी लगायतका विविध विपद्हरूको उच्च जोखिममा रहेकोछ । वि.सं. २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनले नेपालमा ठूलो जनधनको क्षति भयो । यसबाट कुल रु. ७०६ अरब ( ७ अरब अमेरिकी डलर) बराबरको क्षति तथा नोक्सानी भएको अनुमान गरिएको छ ।

कोभिड १९ (COVID–19) जस्ता महामारी तथा अन्य विपद्हरुले नागरिक जीवन आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा गम्भीर असर परेको छ । जलवायु परिवर्तन परिणामस्वरुप सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय क्षेत्रमा गंभिर असरहरु देखिनुका साथै बाढी, पहिरो, शीतलहर, डँडेलो तथा आगलागी जस्ता विपद् जोखिम बढ्दै गइरहेको छ । भूकम्प, कोभिड १९ जस्ता महामारी, जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद्हरुको पुनर्स्थापना तथा पुनर्लाभ सम्बन्धी अनुभवले पुनर्लाभका लागि अझ राम्रो र बलियो निर्माण (Build Back Better-BBB) को सिद्धान्तमा आधारित दीर्घकालीन दृष्टिकोण अवलम्बन गर्नुपर्ने आवश्यकतातर्फ इंगित गरेको छ । विगतको अनुभवबाट संस्थागत क्षमता सुदृढीकरण गर्न र विपद् संकटासन्नता घटाउन स्थानीय तथा समुदाय तहमा निरन्तर उत्थानशीलता निर्माणको आवश्यकता वोध भएकोछ ।

नेपालले अझ राम्रो बलियो निर्माणको अवधारणामा आधारित सामुदायिक उत्थानशीलता निर्माण तथा दिगो सामाजिक - आर्थिक पुनर्लाभको लागि स्थानीय सरकार तथा समुदायको क्षमता विकासमा सहयोग गर्न सहभागितामूलक ग्रामीण पुनर्लाभ परियोजना लगायतका विभिन्न प्रयासहरु गरेको छ । स्थानीय योजनामा सामुदायिक उत्थानशीलता निर्माण तथा तत्कालीन, मध्यमकालीन तथा दीर्घकालीन पुनर्लाभको आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारण गरी स्थानीय तहको योजनामा मूलप्रवाहीकरण गरी संस्थागत गर्न यो दिग्दर्शन स्वीकृत गरी लागु गरिएको छ ।

## १.२ दिग्दर्शनको उद्देश्य

यस दिग्दर्शनका उद्देश्यहरु देहायअनुसार रहेका छन्:

(१) विपद् प्रभावित समुदायको आर्थिक र सामाजिक पुनर्लाभका आवश्यकता तथा उत्थानशिलता निर्माणलाई आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेट मार्फत सम्बोधन गर्न मार्गदर्शन गर्नु,

(२) पारस्परिक सहयोग र समुदायमा आधारित सामाजिक तथा आर्थिक पुनर्लाभ र उत्थानशिलता निर्माण सम्बन्धी परियोजना छनौट, कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको लागि मार्गदर्शन गर्नु,

(३) बहु-क्षेत्रगत विपद् उत्थानशीलता निर्माण गर्न योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सहभागितामूलक विधि तथा पद्दति बारे मार्गदर्शन गर्नु ।

## १.३ दिग्दर्शनको कार्यक्षेत्र

विपद् जोखिम व्यवस्थापन अन्तर्गत १) जोखिम न्यूनीकरण, २) पूर्वतयारी, ३) प्रतिकार्य र ४) पुन:स्र्थापना तथा पुनर्लाभ समेत चार चरणहरु पर्दछन् । यस दिग्दर्शनले तत्कालीन प्रतिकार्य तथा राहतको चरण समाप्त भए पश्चात् विपद् प्रभावित समुदायका सामाजिक आर्थिक पुनर्लाभ तथा उत्थानशीलता निर्माणका आवश्यकतालाई प्रर्याप्त रूपमा सम्बोधन गर्न सहयोग गर्नेछ । साथै दिग्दर्शनले सामुदायिक उत्थानशीलता निर्माण तथा विपद् पूर्वको सामान्य अवस्थामा गरिने पूर्वतयारी सम्बन्धी आवश्यकतालाई समेत सम्बोधन गर्नेछ । मध्यमकालीन तथा दीर्घकालीन प्रकृतिका पुनर्लाभ तथा सामुदायिक उत्थानशीलता निर्माण सम्बन्धी आवश्यकतालाई मध्यमकालीन देखि दीर्घकालीन पहलहरूबाट मात्र सम्बोधन गर्न सकिन्छ । यस प्रकारका आवश्यकतालाई स्थानीय सरकारको आवधिक योजना तथा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने चरण तथा प्रक्रियाहरुमा समाहित गरी मूलप्रवाहीकरण गर्नुपर्दछ ।

विपद जोखिम व्यवस्थापनका चारवटै चरणहरु समेत विपद् तथा जलवायु परिवर्तन उत्थानशीलताका विस्तृत कार्यढाँचा प्रस्तुत गर्ने निर्माणाधिन स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा पुरक मार्गदर्शनको रुपमा यस दिग्दर्शनले कार्य गर्नेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाले पूर्वाधार तथा संरचनागत उत्थानशीलता निर्माण सम्बन्धी उपायहरुको पहिचान र तर्जुमा कार्यमा मार्गदर्शन गर्नेछ र यस दिग्दर्शनले समुदाय तहको गैर संरचनागत आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थानशीलता निर्माण र पुनर्लाभलाई मार्गदर्शन गर्नेछ ।

विपद् पश्चातको शिघ्र पुनर्लाभको आवश्यकतालाई "विपद् पश्चातको गाउँपालिका तथा नगरपालिकाको सामाजिक आर्थिक पुनर्लाभ योजना तर्जुमा कार्यढाँचा, २०७८" अनुसार विपदको असर लेखाजोखाको आधारमा सामाजिक आर्थिक पुनर्लाभ योजना तर्जुमा गरी सम्बोधन गर्नुपर्नेछ । शिघ्र पुनर्लाभको कार्य सम्पन्न भए पश्चात तत्कालीन पुनर्लाभका आवश्यकतालाई चालु आर्थिकको वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट सम्बोधन गर्नुपर्दछ । यसैगरी मध्यमकालीन पुनर्लाभका आवश्यकतालाई आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना र दीर्घकालीन पुनर्लाभका आवश्यकतालाई दीर्घकालीन योजना तथा आवधिक योजनाहरुमा समावेश गरी सम्बोधन गर्नुपर्दछ ।

## १.४ दिग्दर्शनको प्रयोगकर्ता

यस दिग्दर्शनका लक्षित प्रयोगकर्ताहरु देहायअनुसार हुनेछन्:

(१) सबै स्थानीय तह,

(२) आर्थिक तथा सामाजिक पुनर्लाभ र उत्थानशीलता निर्माणमा सहयोग गर्ने विकास साझेदार, अन्तराष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी, सामुदायिक तथा स्वयंसेवी संघ/संस्था र निजी क्षेत्र आदि ।

## १.५ परिभाषा

यस दिग्दर्शनको प्रयोग भएका सहभागितामूलक पुनर्लाभ अवधारणामा आधारित विषयको विस्तृत विवरण तथा सामुदायिक उत्थानशीलताका १० तत्वहरुलाई **अनुसूची - १** मा प्रस्तुत गरिएकोछ ।

# परिच्छेद-२: कानूनी आधार तथा संस्थागत संयन्त्र

## २.१ कानूनी आधार र प्रावधान

### २.१.१ अन्तर्राष्ट्रिय सम्झौता

विपद् जोखिम न्यूनीकरण सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न नेपाल प्रतिबद्ध रहेको छ । जसमध्ये सेण्डाइ फ्रेमवर्क (२०१५-२०३०) ले ४ वटा प्राथमिकता निर्धारण गरेको र प्राथमिकता नम्बर ४ मा उल्लिखित "प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनःस्र्थापना तथा पुनःनिर्माणमा अझ राम्रो र वलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण" मा उत्थानशीलता प्रवर्द्धन तथा पुनर्लाभ सान्दर्भिक हुने देखिन्छ ।

दिगो विकासको एजेण्डा, २०३० र जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता, २०१५ ले विपद् जोखिमको प्रभाव तथा जलवायु परिवर्तन र दीगो विकास प्रबर्द्धनलाई सम्बोधन गर्न बलियो आपसी-सम्बन्धमा जोड दिएकोछ ।

### २.१.२ राष्ट्रिय नीति, कानून तथा योजना

नेपालको संविधानमा विपद् व्यवस्थापनलाई स्थानीय सरकारको एकल अधिकार र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार अन्तर्गत सूचीकृत गरेको छ । नेपालको आवधिक योजनाहरुले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई अन्तरसम्बन्धित विषयका रुपमा समावेश गर्दै आएका छन् । सोअनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई तीनै तहका सरकारको सबै विषय क्षेत्रका नीति, योजना तथा कार्यक्रममा समावेश गर्नु आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तथा आयोजना तर्जुमा तथा निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, विपद् पश्चात् स्थानीय तहमा पुनर्स्थापना तथा पुनःनिर्माण र समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमहरु सञ्चालन स्थानीय सरकारको अधिकार तथा जिम्मेवारी अन्तर्गत पर्दछन् । विपन्न तथा सीमान्तकृत समुदाय, महिला र वञ्चितीकरणमा परेका वर्गको अधिकतम सहभागितामा स्थानीय सरकारले दीर्घकालीन तथा मध्यमकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली, २०७६ मा तीनै तह सरकारका लागि विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन, समन्वय, सहकार्य र क्षमता विकास, विपद जोखिम न्यूनीकरण तथा पूर्वतयारी, खोज, उद्धार तथा राहत कार्यमा विपद् मूलप्रवाहीकरण र विपद पश्चात्को पुनःनिर्माण र पुनर्स्थापना सम्बन्धी प्रावधान, विपद् सूचना प्रणालीको निर्माण, सञ्चालन तथा विकास, सोसम्बन्धी संरचना र जिम्मेवारीको व्यवस्था गरिएको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०१८ ले विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनलाई विकासको समग्र प्रक्रियामा मूलप्रवाहीकरण गर्ने, विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक र निजी वित्तीय लगानी बृद्धि गर्ने, विपद पश्चातको पुनर्लाभ, पुनःस्र्थापना र पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माणको सिद्धान्त सुनिश्चित गर्ने कुरालाई जोड दिएकोछ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेण्डाइ फ्रेमवर्कका चार वटा प्राथमिकताका कार्यहरु समावेश गरेको छ । राष्ट्रिय रणनीतिक कार्ययोजनामा विपद् जोखिम न्यूनीकरण, पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" सम्बन्धी निर्देशिका तयारीलाई एक रणनीतिक क्रियाकलापको रुपमा समावेश गरिएको छ ।

विपद पश्चातको पुनर्लाभ कार्यढाँचा (Post Disaster Recovery Framework-PDRF) २०१६ ले बहुआयामिक प्रकृतिको "अझ राम्रो र बलियो निर्माण" मा जोड दिएको छ । पि.डि.आर.एफ.ले (१) ग्रामीण तथा शहरी क्षेत्रमा विपद् उत्थानशील नीजि घर, सरकारी भवन तथा सांस्कृतिक सम्पदाको लागि क्षमता सुधार गर्ने र संरचना

बनाउने; (२) जोखिम कम गर्न जनताको व्यक्तिगत तथा समुदायको क्षमता अभिवृद्धि गर्ने तथा सामाजिक मेलमिलापको अभिवृद्धि गर्ने, (३) सेवाको पहुँचमा सुधार गर्ने, पुन:स्थापना गर्ने तथा वातावरणीय उत्थानशीलताको अभिवृद्धि गर्ने, (४) आर्थिक अवसर, जीवनयापनका साधनमा बृद्धि गर्ने तथा उत्पादनमूलक क्षेत्रहरूको पुनर्स्थापना गर्ने; र (५) जनताका आवश्यकता सम्बोधन गर्न र भविष्यका विपद्हरू प्रभावकारी ढङ्गले सामना गर्ने राज्यको क्षमता तथा प्रभावकारिता सवल बनाउने पाँच रणनीतिक उद्देश्यहरु तय गरेको छ । उक्त पाँच उद्देश्यहरु मध्ये रणनीतिक उद्देश्य नम्बर दुई र चार सामुदायिक उत्थानशीलता तथा पुनर्लाभसँग प्रत्यक्ष सम्बन्धित छन् ।

राष्ट्रिय विपद उत्थानशील कार्यढाँचा (एन.डि.आर.एफ.) ले पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणलाई “अझ राम्रो र बलियो निर्माण” अवधारणाको प्राथमिकताको क्षेत्र नम्बर पाँचमा समावेश गरेको छ । यस कार्यढाँचाले स्थानीय तहले संभाव्य विपद्को जोखिम तथा संकटासन्नता विश्लेषण गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित संरचनागत तथा गैर संरचनागत उपाय समावेश विस्तृत स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilience Framework- LDCRF) तर्जुमा गर्ने व्यवस्था गरेको छ । एल.डि.सि.आर.एफ.तर्जुमा दिग्दर्शन हाल निर्माणको चरणमा रहेकोछ ।

नेपाल सरकारले स्थानीय तहलाई विपद् पश्चात्को अवस्था विश्लेषणका आधारमा आ-आफ्नो क्षेत्रको सामाजिक-आर्थिक पुनर्लाभ योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्न “गाउँपालिका तथा नगरपालिकाहरुका लागि विपद् पश्चातको सामाजिक आर्थिक पुनर्लाभ योजना तर्जुमा ढाँचा, २०७८” नमूना ढाँचा उपलब्ध गराएको छ । उक्त नमूना ढाँचाले विपद् पश्चात तीन महिनाभित्र तत्कालीन तथा मध्यमकालीन पुनर्लाभका आवश्यकता ध्यानमा राखी विपद् पश्चात्को सामाजिक आर्थिक पुनर्लाभ योजना तर्जुमा प्रक्रियामा जोड दिएको छ ।

## २.२ संस्थागत संरचना

नेपालको संविधान तथा प्रचलित कानूनमा विपद् जोखिम न्यूनीकरण, सामुदायिक उत्थानशीलता निर्माण र विपद् पश्चात्को आर्थिक, सामाजिक तथा सांस्कृतिक पुनर्लाभ लगायत विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु सम्पादन सम्बन्धमा देहायबमोजिम संस्थागत संरचनाको व्यवस्था गरिएका छन्:

| निकाय | नीति तथा कानून | संस्था/संरचना | व्यवस्था |
|---|---|---|---|
| स्थानीय सरकार | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ | राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषयगत समितिहरु र बजेट तथा कार्यक्रम तर्जुमा समिति, वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति, आवधिक योजना तर्जुमा निर्देशक समिति आदि | (१) नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण,<br>(२) आवधिक तथा विषय क्षेत्रगत रणनीति तथा गुरुयोजना एवम् वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,<br>(३) समन्वय, साझेदारी तथा सहकार्य आदि, |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समिति आदि | (१) स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन,<br>(२) पदाधिकारी, स्वयंसेवक र समुदायको क्षमता विकास,<br>(३) विपद् प्रभावित जनताको प्रत्यक्ष र सक्रिय सहभागितामा जिविकोपार्जन पुनर्लाभका अवसर सिर्जना,<br>(४) विकास कार्यमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन मूलप्रवाहीकरण, |

| निकाय | नीति तथा कानून | संस्था/संरचना | व्यवस्था |
|---|---|---|---|
| | | | (५) समुदायस्तरमा विपद् व्यवस्थापन समूह गठन गरी परिचालन<br>(६) वडा समितिका सदस्य, लक्षित समुदाय तथा नागरिक समाजका प्रतिनिधिकका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी क्षमता विकास आदि, |
| प्रदेश सरकार | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | प्रदेश विपद व्यवस्थापन परिषद, प्रदेश विपद् व्यवस्थापन समिति, विषयगत मन्त्रालय, विभाग तथा समिति कृषि ज्ञान केन्द्र (AKC), पशु अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र (VHLSECs) र घरेलु साना उद्योग कार्यालय लगायत प्रदेश कार्यालय, प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्र आदि | (१) आवधिक योजना तर्जुमा प्रक्रियामा प्राविधिक तथा आर्थिक सहयोग र सहजीकरण,<br>(२) स्थानीय शासन सञ्चालन, योजना तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन, सेवा प्रवाह लगायतका अभिमुखीकरण तथा क्षमता विकास तालिम,<br>(३) विषयगत प्रावधिक सहयोग, परामर्श सेवा, सीप तथा प्रविधि हस्तान्तरण र बजारीकरण सहयोग आदि |
| संघीय सरकार | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत मन्त्रालय, विभाग, समिति तथा कार्यालयहरु | (१) सहभागितामूलक स्थानीय पुनर्लाभ ढाँचा (PLR) को अनुसरण प्रक्रियामा संयोजन, सहयोग, सहजीकरण तथा प्रोत्साहन,<br>(२) अध्ययन तथा अनुसन्धान<br>(३) ऐन, नियम, मार्गदर्शन तथा मापदण्ड तर्जुमा र परिमार्जन आदि |
| निजी क्षेत्र, गैर सरकारी र स्वयंसेवी संघ/संस्था - हरु | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | व्यक्ति, व्यावसायिक प्रतिष्ठान, कम्पनी, समाज तथा सञ्जाल, स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी तथा स्वयंसेवी संघ/संस्था, र समुदायमा आधारित तथा नागरिक समाज संस्था, स्थानीय प्राविधिक तथा श्रोत व्यक्ति | (१) कार्यक्रम तथा परियोजना कार्यान्वयन,<br>(२) प्राविधिक तथा व्यावसायिक परामर्श र वित्तीय सेवा,<br>(३) उत्पादन, बजारीकरणसँग सम्बन्धित क्षेत्रका रणनीतिक सरोकारवालासँग सञ्जाल निर्माण र अन्तरसम्बन्ध विकास र विस्तार आदि |

# परिच्छेद-३: स्थानीय योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ

## ३.१ पृष्ठभूमी

नेपालको संविधान र प्रचलित कानून बमोजिम स्थानीय तहले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समेत एकीकरण गरी नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार स्थानीय विकास विपद र जलवायुजन्य जोखिमबाट प्रभावित हुने हुँदा स्थानीय आवधिक योजना र वार्षिक नीति, कार्यक्रम तथा बजेटले विपद जोखिम न्यूनीकरण र उत्थानशीलता सम्बोधन गरेको हुनुपर्दछ । विपद पश्चात्को उत्थानशीलता निर्माण तथा पुनर्लाभ छोटो अवधिमा प्राप्त गर्न नसकिने हुँदा आवधिक योजना, मध्यमकालीन खर्च संरचनाका साथसाथै स्थानीय सरकारले तर्जुमा गर्ने दीर्घकालीन विषय क्षेत्रगत रणनीतिक योजनामा समावेश गरी वार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत कार्यान्वयन गर्नुपर्दछ ।

## ३.२ स्थानीय योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ एकीकरणका विधि र औजारहरु

स्थानीय आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा सामुदायिक उत्थानशीलता र पुनर्लाभ एकीकरणसँग सम्बन्धित मुख्य सिद्धान्तहरु **अनुसूची - २** बमोजिम हुनेछ । सामुदायिक उत्थानशीलता र सामाजिक तथा आर्थिक पुनर्लाभलाई स्थानीय तहको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा देहायअनुसार एकीकरण गर्नुपर्दछ,-

### ३.२.१ आवधिक योजनामा विपद उत्थानशीलता तथा पुनर्लाभ एकीकरण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा स्थानीय तहको आवधिक योजना तयारी, विश्लेषण, योजना तर्जुमा र अनुमोदन लगायतका चार चरणहरु पुरा गरी तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था बमोजिम 'अझ राम्रो र बलियो निर्माण (BBB)' अवधारणामा आधारित उत्थानशीलता तथा पुनर्लाभलाई स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा एकीकरण गर्न देहायबमोजिमका कार्यहरु गनुपर्नेछ,-

**चरण १: आवधिक योजना तर्जुमाको तयारी**

स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियाको तयारी चरणमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा गरिएका व्यवस्थाको अनुशरण गर्नुपर्नेछ । दिग्दर्शनमा तोकिएको अतिरिक्त आवधिक योजना तर्जुमाको तयारी चरणमा विपद् उत्थानशीलता तथा पुनर्लाभ एकीकरणका लागि देहायका कार्यहरू गर्नुपर्दछ:

**१. अभिमुखीकरण र तयारी कार्यशाला आयोजना गर्ने:**

आवधिक योजना तर्जुमा प्रक्रियाको शुरुवातमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारी, स्थानीय विषयविज्ञ, समाजसेवी, निजी क्षेत्र, नागरिक समाज तथा लक्षित समुदायका प्रतिनीधिको सहभागितामा अभिमुखीकरण कार्यशाला (Kick-Off Orientation) को आयोजना गर्नुपर्दछ । उक्त अभिमुखीकरण तथा तयारी कार्यशालामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ सम्बन्धी विषयमा छलफल र सहमति कायम गर्नुपर्दछ । कार्यशालालाई आवधिक योजना तर्जुमा प्रक्रियामा संलग्न हुने जिम्मेवार व्यक्तिहरू माझ 'अझ राम्रो र बलियो निर्माण (BBB)' मा आधारित उत्थानशीलता निर्माण र पुनर्लाभ सम्बन्धी विषयहरूको बुझाइमा एकरुपता कायम गर्ने अवसरको रूपमा लिनुपर्दछ । यस कार्यमा प्रमुख वा अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतले प्रमुख जिम्मेवारी वहन गर्नुपर्नेछ ।

**२. आवधिक योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ एकीकरण सम्बन्धी तालिम सञ्चालन गर्ने:**

आवधिक योजना तर्जुमा प्रक्रियामा विपद् जोखिम न्यूनीकरण, विपद उत्थानशीलता तथा पुनर्लाभसम्बन्धी विषयमा निर्वाचित पदाधिकारी, कर्मचारी र सरोकारवाला बीच बुझाईमा एकरुपता कायम गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस तालिमको आयोजना तथा सञ्चालन प्रमुख प्रशासकीय अधिकृत तथा सम्बद्ध शाखाको समन्वयमा गर्नुपर्दछ ।

**चरण २: वस्तुस्थिति विश्लेषण**

स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियाको विश्लेषण चरणमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा गरिएका व्यवस्थाको अनुशरण गर्नुपर्नेछ । दिग्दर्शनका तोकिएका व्यवस्थाका अतिरिक्त आवधिक योजना तर्जुमा प्रक्रियाको यस चरणमा गाउँ/नगर वस्तुस्थिति विवरण तथा आवधिक योजनाको आधार अवस्था सूचनामा विपद् जोखिम न्यूनीकरण, सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ मूलप्रवाहीकरण गर्न देहायअनुसारका कार्यहरु गर्नुपर्दछः

**बाकस १: पालुङ्गटार नगरपालिकाको आवधिक योजना परिमार्जन**

पालुङटार नगरपालिकामा जुलाई २०२० मा आवधिक विकास योजना (Periodic Plan-PP) तर्जुमा गरिएको थियो । जाइका नेपाल र नगरपालिका बिच भएको छलफलको आधारमा २०२१ मा आवधिक योजनाको समीक्षा र परिमार्जन गरेर उक्त योजनामा 'अझ राम्रो र बलियो निर्माण (BBB)', पुनर्लाभ (Recovery) र विपद् जोखिम न्यूनीकरण (DRR) सम्बन्धी सवालहरू समाहित गरियो । आवधिक योजनाको शुरुको दस्तावेजमा वस्तुस्थिति विश्लेषण र योजनाको अन्य भागमा वि.सं. २०७२ को विनाशकारी भूकम्प, त्यसपछिका परामकम्पन र अन्य विपद् बारे उल्लेख गरिएको थिएन ।

परिमार्जित आवधिक योजना दस्तावेजमा 'अझ राम्रो र बलियो निर्माण' मा आधारित पुनःर्स्थापनाका प्राथमिकताहरू र विपद उत्थानशिलताका सवालहरु पहिचान हुनुका साथै सबै क्षेत्रमा लैंगिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धनमा  विशेष जोड दिईएकोछ । यसका लागि नगर प्रमुखको नेतृत्व तथा प्रमुख प्रशासकीय अधिकृत र योजना अधिकृतसँग समन्वय एवम् विषयगत समिति र एकाइसँग विस्तृत छलफल र परामर्श गरी आवधिक योजनाको समीक्षा र अद्यावधीकरण गरिएको थियो । यस प्रक्रियामा वडा समितिका पदाधिकारबाट समुदाय तहमा लक्षित समूह छलफलको सहजीकरण गरिएको थियो । परिमार्जित आवधिक योजनाको विषयवस्तु उपर कार्यदल तथा विषयगत एकाइबाट समीक्षा गरी अन्तिम स्वरुप प्रदान गरिएको थियो ।

यस प्रकार आवधिक योजना कार्यान्वयनको चरणमा आवधिक समीक्षा गरी आवधिक योजना अद्यावधिक तथा परिमार्जन समेत गर्न सकिन्छ । यस प्रकारका अभ्यासले विकासको विद्यमान सोच, ध्येय, लक्ष्य तथा उद्देश्य राम्रोसँग प्रतिबिम्बित हुने गरी योजनालाई परिमार्जन तथा अद्यावधिक गर्दा आवधिक योजनाको प्रभावकारिता

**१. सामुदायिक उत्थानशीलता र पुनर्लाभ सम्बन्धी तथ्याङ्क र सूचना सङ्कलन गर्नेः**

गाउँ/नगर वस्तुस्थिति विवरणमा स्थानीय सरकारले पहिचान गरेका खास क्षेत्र वा उपक्षेत्रमा विपद्को प्रभाव, संभाव्य जोखिम, उत्थानशीलता र पुनर्लाभको अवस्था समावेश गर्नुपर्दछ । तथ्याङ्क र सूचना सङ्कलनका प्रमुख स्रोतका रूपमा सहभागितामूलक छलफल, घरधुरी सर्वेक्षण र मूख्य सूचनादाता अन्तर्वार्ता प्रयोग गर्न सकिनेछ । यस कार्यमा गाउँ/नगर कार्यपालिका कार्यालयका योजना शाखा तथा सम्बद्ध शाखाले प्रमुख भूमिका निर्वाहा गर्नुपर्नेछ । विषयगत समिति तथा वडा समितिका पदाधिकारी र विषयगत शाखा/एकाइले सहयोगी भूमिका निर्वाहा गर्नुपर्दछ । विपद् जोखिम न्यूनीकरण, सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ सम्बन्धी मूख्य सवाल सम्बन्धी सूचकहरुको सूची **अनुसुची - ३** मा उल्लेख गरिएको छ ।

**२. लक्षित कसमूह छलफल** (Focus Group Discussion-FGD) **गर्नेः**

आवधिक योजना तर्जुमा प्रक्रियामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभको विगतको प्रवृति, विद्यमान अवस्था र भविष्यको अवस्था प्रक्षेपण गर्नुपर्दछ । वस्तुस्थिति विश्लेषणमा विपन्न तथा वञ्चितीकरणमा परेका समूहहरुको अवस्था तथा सवाल पहिचान र विश्लेषण गर्नुपर्दछ । वस्तुस्थिति विश्लेषण र आवधिक योजना तर्जुमाका लागि गरिने छलफल तथा परामर्शमा राजनीतिक, सामाजिक, आर्थिक तथा भौगोलिक रुपमा सीमान्तकृत तथा

वञ्चितीकरणमा परेका वर्ग तथा समूहको सहभागिता सुनिश्चित गर्नुपर्दछ । वस्तुस्थिति विश्लेषण तथा लक्षित समूह छलफलबाट प्राप्त विवरण, निष्कर्ष तथा सुझावलाई आवधिक योजना तर्जुमाका लागि आयोजना हुने सोच निर्धारण कार्यशाला गोष्ठी र योजना तर्जुमा कार्यशाला गोष्ठी वा बैठकहरूको छलफलमा समावेश गर्नुपर्दछ ।

लक्षित समूह छलफल (FGD) का लागि वडाको क्षेत्रभित्र विपन्न तथा वञ्चितीकरणमा परेका वर्ग (DAG) नक्शाङ्कन गर्ने, लक्षित समूह छलफलका लागि समूह पहिचान गर्ने, लक्षित समूह छलफलको सहजीकरण गर्नुपर्दछ । लक्षित समूह छलफल कार्यक्रमको आयोजना तथा सहजीकरण गर्ने प्रमुख जिम्मेवारी सम्बद्ध शाखा तथा वडा समिति निर्वाहा गर्नुपर्नेछ भने यस कार्यमा प्रमुख प्रशासकीय अधिकृत तथा वातावरण र सम्बन्ध शाखाले सहयोगी भूमिका निर्वाहा गर्नुपर्दछ । लक्षित समूह छलफल सम्बन्धी मार्गदर्शक नमुना प्रश्नहरू **अनुसूची - ४** मा प्रस्तुत गरिएको छ ।

**चरण ३: योजना तर्जुमा**

स्थानीय आवधिक योजना तर्जुमाको चरणमा आवधिक योजनामा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ एकीकरण गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा गरिएका व्यवस्थाको अतिरिक्त देहायअनुसारका कार्यहरु गर्नुपर्नेछ:

**१. दीर्घकालीन सोच निर्धारण कार्यशाला आयोजना गर्ने:**

आवधिक योजना तर्जुमाको लागि गठन गरिने निर्देशक समितिको नेतृत्वमा गाउँ/नगर कार्यपालिका, विषयगत समिति तथा वडा समितिका पदाधिकारी, कर्मचारी र समुदाय, राजनीतिक दल, निजी क्षेत्र, शैक्षिक तथा सामाजिक संघ/संस्थाका प्रतिनिधि लगायतका सरोकारवालाको उपस्थितिमा दीर्घकालीन सोच तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरी सहभागितामूलक रुपमा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति तर्जुमा गर्नुपर्दछ । यस कार्यशाला गोष्ठीको उद्देश्यः १) वडा तहमा गरिएको परामर्श, समुदायस्तरमा गरिएको लक्षित समूह छलफल, अभिमुखीकरण तथा तालिम कार्यक्रम र तथ्याङ्क संकलन, अध्ययन तथा विश्लेषणबाट प्राप्त समष्टिगत तथा विषयगत संभावना तथा अवसर, समस्या र चुनौती विश्लेषण गर्नु, २) विश्लेषणको आधारमा स्थानीय विकासको समष्टिगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा दीगो पुनर्लाभ तथा उत्थानशीलता सम्बन्धी प्राथमिकता निर्धारण गर्नु हुनेछन् ।

दीर्घकालीन सोच निर्धारण कार्यशालामा विपद् जोखिम न्यूनीकरण, उत्थानशीलता निर्माण तथा पुनर्लाभको विद्यमान अवस्था र सवालहरु सम्बन्धी बुझाइमा एकरुपता र प्रभावकारिता ल्याउन अझ राम्रो तथा बलियो निर्माण र सामुदायिक उत्थानशीलता तथा पुनर्लाभसँग सम्बन्धित तथ्याङ्क तथा सूचना प्रस्तुत गर्नुपर्दछ । स्थानीय बासिन्दाको इच्छा र अपेक्षा प्रतिविम्बित हुने गरी योजनाको दीर्घकालीन सोच निर्धारण गर्नुपर्दछ । वस्तुस्थिति विश्लेषण तथा लक्षित समूह परामर्शबाट प्राप्त प्रतिफल तथा विवरणलाई यस प्रक्रियामा प्रयोग गर्नुपर्दछ ।

**बाकस २: गाउँ/नगरपालिकाको विकासको दीर्घकालीन सोचका उदाहरण**

"मध्य-पहाडी व्यापारिक पर्यटकीय सहर, सुन्दर, समुन्नत, उत्थानशील र समृद्ध, हाम्रो लिगलिग पालुङटार"

- पालुङटार नगरपालिका, गोरखा

"दिगो कृषि, पर्यटन र सफा पूर्वाधारः समृद्ध बारपाक सुलिकोटको आधारशीला"

- बारपाक सुलिकोट गाउँपालिका, गोरखा

"हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिका निर्माण (प्रस्तावित)"

- हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक

"चौतारा साँगाचोकगढी नगरपालिकाको सम्बृद्धिको आधारः शिक्षा, उत्थानशील कृषि, पर्यटन र पूर्वाधार प्रस्तावित"

उत्थानशीलता हासिल गर्न लामो अवधिसम्म विभिन्न विषयगत क्षेत्र तथा उपक्षेत्रमा समन्वयात्मक प्रयास र निरन्तर सुधारको आवश्यकता पर्दछ । दीर्घकालीन सोचमा विपद उत्थानशीलता तथा पुनर्लाभसँग सम्बन्धित विशेषता र प्राथमिकतालाई स्पष्ट रूपमा प्रस्तुत गर्न प्रयास गर्नुपर्दछ । दीर्घकालीन सोच निर्धारणका लागि छलफल गर्दा प्रायः सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (Strength Weakness Opportunities and Threat-SWOT) लगायतका वस्तुस्थिति विश्लेषणका औजारहरुलाई प्रयोगमा ल्याउनुपर्दछ । विश्लेषणमा विगतका विपदहरु, स्थानीय जनजीवनका विविध पक्षमाथि विपद्को प्रभाव, पुनर्लाभको प्रगतिका साथै सम्भावित विपद जोखिमहरू समावेश गर्नुपर्दछ । दीर्घकालीन सोच निर्धारण कार्यशालाको नेतृत्व आवधिक योजना तर्जुमा तर्जुमाका लागि गठित निर्देशक समितिले गर्नुपर्दछ ।

**२. योजना तर्जुमा कार्यशाला आयोजना गर्नेः**

लक्षित समूह छलफल, मुख्य सरोकारवालासँग गरिएको परामर्श तथा कार्यशालाबाट प्राप्त निश्कर्ष र नतिजालाई प्रत्येक विषय क्षेत्र, उपक्षेत्र तथा भौगोलिक रुपमा सम्बोधन गर्नुपर्दछ । यसका लागि योजना तर्जुमा कार्यशालाको आयोजना गर्नुपर्दछ । कार्यशालामा छलफल गरी योजना तर्जुमा गर्ने मुख्य जिम्मेवारी विषयगत समितिको हुनेछ ।

"अझ राम्रो वलियो निर्माण" अवधारणा आधारित विपद् उत्थानशीलता, पुनर्लाभ र लैंगिक समानता तथा सामाजिक समावेशीकरण केन्द्रित विषय क्षेत्र तथा उपक्षेत्र अनुसार उद्देश्य, रणनीति तथा प्राथमिकताको उदाहरणको सूची **अनुसूची - ५** मा समावेश गरिएको छ । विषयगत क्षेत्र तथा उपक्षेत्रमा विपद जोखिम न्यूनीकरणसँग सम्बन्धित भौतिक संरचनासँग सम्बन्धित परियोजनाका साथै समुदायमा आपसी सम्बन्ध र समुदायिक उत्थानशीलता निर्माणमा सहयोगी सामाजिक तथा आर्थिक पुनर्लाभ तथा विकासका परियोजना समावेश गर्नुपर्दछ ।

**चरण ४: योजना स्वीकृति**

आवधिक योजनाको स्वीकृति चरण सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७८ मा व्यवस्था भए बमोजिम हुनेछ । आवधिक योजना स्वीकृत गर्दा स्थानीय कार्यपालिकाले आवधिक योजनामा विपद जोखिम न्यूनीकरण, दिगो पुनर्लाभ तथा सामुदायिक उत्थानशीलता विषयहरु समावेश भए/नभएको यकिन गर्नुपर्दछ ।

## ३.२.२ वार्षिक नीति, कार्यक्रम तथा बजेटमा विपद् उत्थानशीलता तथा पुनर्लाभ एकीकरण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले वार्षिक नीति, कार्यक्रम तथा बजेट ७ चरण र २४ क्रियाकलाप पुरा गरी तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सो व्यवस्था बमोजिम वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा सामुदायिक उत्थानशीलता तथा पुनर्लाभका प्राथमिकताहरु पहिचान र समावेश गर्न देहायअनुसारका विधि तथा प्रक्रिया अनुशरण गर्नुपर्नेछः

**चरण १: वार्षिक नीति, कार्यक्रम तथा बजेटको पूर्व तयारी**

स्थानीय तहको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियाको पूर्व तयारी चरणमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा गरिएका व्यवस्थाको अतिरिक्त विपद् जोखिम न्यूनीकरण, पुनर्लाभ तथा सामुदायिक उत्थानशीलताको एकीकरणका लागि देहायका कार्यहरु गर्नुपर्नेछः

**१. वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरणका लागि तथ्याङ्क र सूचना सङ्कलन गर्नेः**

वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता निर्धारण एवम् कार्यक्रम, आयोजना र क्रियाकलाप छनौटको आधार तयार गर्न विषयगत सूचना समावेश वस्तुस्थिति विवरणमा सामुदायिक उत्थानशीलता लगायतका विपद जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी तथ्याङ्क र सूचना समावेश गरिएको हुनुपर्दछ । विपन्न एवम् वञ्चितीकरणमा परेका तथा सीमान्तकृत समुदायका विशेष आवश्यकता र मागलाई वार्षिक नीति, कार्यक्रम तथा बजेटमा सम्बोधन गर्न आवश्यकता अनुसार उक्त समूहसँग लक्षित समूह छलफल गर्नुपर्दछ । यस सम्बन्धी कार्यको प्रमुख जिम्मेवारी सम्बद्ध शाखाको हुनेछ ।

**२. अभिमुखीकरण सञ्चालन गर्ने:**

अझ राम्रो बलियो निर्माण अवधारणामा आधारित सामुदायिक उत्थानशीलता तथा पुनर्लाभसँग सम्बन्धित सवालहरु लगायत आवधिक योजनामा प्रस्तुत रणनीति तथा प्राथमिकतालाई समायोजन र सम्बोधन गर्न वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियाको प्रारम्भमा स्थानीय तहका सरोकारवालाको सहभागितामा एक अभिमुखीकरण कार्यक्रमको आयोजना गर्नुपर्दछ । अभिमुखीकरण कार्यक्रम आयोजना गर्न प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षसँगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृत तथा सम्बद्ध शाखाले मुख्य भूमिका निर्वाहा गर्नुपर्दछ ।

विपद पश्चात्को पुनःर्स्थापना तथा पुनर्लाभ लगायत स्थानीय सेवा प्रवाहमा स्थानीय समुदायको पहुँच बढाउन तथा वडाभित्रका सबै बस्तीहरुमा पुग्न स्थानीय सरकारले सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, समुदायका अगुवाहरुलाई परिचालन गर्न सक्दछन् । बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा टोल विकास संस्था (टो.वि.सं.) हरुले समेत महत्वपूर्ण भूमिका निर्वाहा गर्न सक्दछन् । बस्ती तहको योजना तर्जुमा बैठक तथा वडा तहका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लिखित ढाँचा तथा फारामहरु प्रयोग गर्न जोड दिनुपर्दछ ।

**चरण २: स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्ने:**

यस सम्बन्धी प्रक्रिया स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा व्यवस्था भएअनुसार हुनुपर्दछ ।

**चरण ३: बस्तीस्तरमा योजना छनौट गर्ने:**

वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि आयोजना गरिने बस्तीस्तरको योजना तर्जुमा वैठकमा विपन्न तथा वञ्चितीकरणमा परेका समूहरुको नक्शाङ्कन गरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न तथा वञ्चितीकरणमा परेका वर्गको समावेशी सहभागितामा विशेष ध्यान दिनुपर्दछ । यस्ता बैठकमा टोल विकास संस्थाका साथै आमा समूह, बाल र युवा क्लब, अपाङ्गता भएका व्यक्तिका समूह र अन्य पछाडि परेका वर्ग तथा समुदायको सहभागिताको सुनिश्चतता गर्नुपर्दछ ।

> ***बाकस ३: वार्षिक नीति, कार्यक्रम तथा बजेट बारे वडा समितिका पदाधिकारीको लागि अभिमुखीकरण -वारपाक सुलिकोट घटना अध्ययन***
>
> वारपाक सुलिकोट गाउँपालिकामा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएको थियो । कार्यक्रम सञ्चालन प्रक्रियामा वार्षिक नीति, योजना तथा कार्यक्रमको परिचयात्मक सेसन पश्चात एक समूहमा १०-१५ जना रहने गरी सहभागिलाई २-३ समूहमा विभाजन गरियो र उक्त समूहलाई गाउँपालिकाको मध्यमकालीन प्राथमिकता तथा रणनीति, अझ बलियो निर्माण तथा सामुदायिक उत्थानशिलता सम्बन्धी विषयमा भूमिका निर्वाहा गर्न जिम्मेवारी प्रदान गरियो ।
>
> यस अभ्यासमा केही सहभागिले सहजकर्ता र अन्यले समुदायका सदस्यको भूमिका निर्वाहा गरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन अनुसार विपद् जोखिम न्यूनीकरण तथा पुनर्लाभ लगायत विकासको संभावना, अवसार, समस्या तथा चुनौती तथा प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजना तर्जुमा गरिएको थियो । सोही समूहमा वडा तहको योजना तर्जुमा र प्राथमिकता निर्धारणको समेत अभ्यास गरिएको थियो । कार्यक्रममा सहभागि वडा समितिका पदाधिकारीले यस प्रकारको अभ्यासमा आफू पहिलो पटक सहभागि भएको वताए । यस प्रकारको व्यवहारिक अभ्यासले योजना तर्जुमा सम्बन्धी अवधारणा र विधि बारे बुझ्न र आगामी दिनमा बस्तीस्तरको योजना तर्जुमा र वडा तहको प्राथमिकता निर्धारण प्रक्रिया सञ्चालनमा अत्यन्त उपयोगी हुने विचार समेत सहभागी

यस प्रक्रियामा समुदायमा सहयोगी भूमिका खेल्ने सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेवीका तथा सामुदायिक अगुवाबाट बस्तीस्तरको बैठक सहजीकरणमा सहयोग प्राप्त सकिन्छ । बस्तीस्तरमा आयोजना हुने योजना तर्जुमा सम्बन्धी छलफलमा स्थानीय सहजकर्ताहरूले सहभागीहरूलाई समुदायस्तरको विपद पुनर्लाभ तथा उत्थानशीलता निर्माण परियोजना पहिचान गर्न प्रोत्साहित गर्नुपर्दछ । वडा समितिका पदाधिकारी र समुदायस्तरमा क्रियाशिल सहजकर्ताहरुमा 'अझ राम्रो र बलियो निर्माण (BBB)', सामुदायिक उत्थानशीलताका तथा पुनर्लाभ र कोही पनि नछुटाऔं (LNOB) सम्बन्धी सिद्धान्त र सहजीकरण सीप उपलब्ध भएमा बस्ती तथा वडा तहको योजना

तर्जुमा बैठकमा माथि उल्लिखित लगायतका सवालहरू उठाउन र छलफल गर्न जनप्रतिनिधि तथा समुदाय मानिसलाई सहज हुनेछ ।

बस्तीस्तरमा कार्यक्रम तथा परियोजना पहिचान र छनौट गर्दा समुदायमा आधारित पुनर्लाभ तथा उत्थानशीलता निर्माण सम्बन्धी देहायका कार्यहरु समावेश गर्न जोड दिनुपर्दछः

(क) तुलनात्मक लाभका विषय क्षेत्रको ज्ञान र सीप अभिवृद्धिका लागि क्षमता विकास सहयोग जस्तैः तालिम,

(ख) व्यवसाय योजना तथा व्यवस्थापनका लागि क्षमता विकास सहयोग,

(ग) समुदाय तहको विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्षमता विकास कार्यहरु,

(घ) विषयगत प्राविधिक सहयोग र सेवा जस्तैः प्राविधिक सल्लाह, खोप आदि,

(ङ) सामाग्री र उपकरण सहयोग जस्तैः बीउ, मल, मेसिन,

(च) बजारीकरण र ब्यवसाय विकास सहयोग जस्तैः बजार, नीजि क्षेत्रसँग सञ्जाल निर्माण आदि

(छ) अनुगमन र सहजीकरण सहयोग जस्तैः सामुदायिक संस्थाका मासिक बैठकमा छलफल, प्रगति अनुगमन र प्राविधिक श्रोत व्यक्तिहरुसँग सम्बन्ध विकासमा सहयोग,

**चरण ४: वडा तहमा प्राथमिकता निर्धारण र कार्यक्रम तथा आयोजना छनौट गर्नेः**

बस्ती तहबाट पहिचान भइ पेश भएका कार्यक्रम, परियोजना र क्रियाकलापहरू मध्ये प्राथमिकता निर्धारणका आधार तथा मापदण्ड अनुसार 'कसैलाई पनि नछुटाऔं (LNOB)' सिद्धान्तलाई मध्यनजर गरी महिला, विपन्न तथा वञ्चितीकरणमा गरेका वर्गले प्रस्ताव गरेका सीमान्तकृत वर्ग तथा समूहलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ । वडास्तरका प्रतिस्पर्धी आवश्यकता र मागहरू मध्ये वडा समितिले पूर्वाधार विकास र पुनःनिर्माणका साथसाथै सामुदायिक उत्थानशीलता बढाउने देहायका विषयहरुमा समेत ध्यान दिनुपर्दछः

(क) भूकम्प र विपद् उत्थानशील संरचना जस्तैः तरकारी खेतीका प्लाष्टिक घर, बाख्रा गोठ आदि र विमाको व्यवस्था,

(ख) दीगोपना प्रवर्द्धनका लागि स्थानीय रैथाने संस्कृति, सीप र स्थानीय सामाग्रीको प्रयोग,

(ग) समुदायको क्षमता अनुकुल आधुनिक मेसिन, यन्त्र-उपकरण र प्रयोग मार्फत उत्पादकत्व र कार्यदक्षता अभिबृद्धि,

(घ) समुदायमा सामाजिक सद्भाव र आपसी सहयोग अभिबृद्धि गर्न समूह अवधारणाको प्रवर्द्धन र परिपालना,

(ङ) विषयगत क्षेत्र र विपद् पुनर्लाभ तथा सामुदायिक उत्थानशीलता बिचको विषयगत अन्तरसम्बन्ध विकास ।

**चरण ५: कार्यक्रम तथा बजेटको प्रस्ताव तयार गर्नेः**

बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समिति तथा विषयगत समितिहरुबाट प्राप्त कार्यक्रम तथा बजेटको आधारमा वातावरण व्यवस्थापन, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, बालमैत्री स्थानीय शासन तथा सेवा प्रवाह र सुशासनसँग सम्बन्धित विषयहरु समावेश गरी वार्षिक कार्यक्रम तथा बजेटको प्रस्ताव तयार गर्नुपर्दछ ।

***बाकस ४: टोल विकास संस्था र सहभागितामूलक तथा समावेशी योजना***

टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि अनुसार धेरैजसो स्थानीय सरकारहरुले टोल विकास संस्था गठन गरेका छन् । बस्तीका सबै घरपरिवार समावेश भएका टोल विकास संस्थाहरुले योजना तर्जुमा, विकास कार्य तथा सेवा प्रवाहको निगरानी गर्न र सामाजिक परिचालनमा महत्वपूर्ण भूमिका निवाहा गर्ने अपेक्षा गरिएको छ ।

धेरै स्थानीय सरकारहरुले टोल विकास संस्थालाई बस्ती तहको योजना तर्जुमा बैठकको सञ्चालन र सहजीकरण सम्बन्धी कार्यमा परिचालन गर्ने अभ्यास शुरु गरेका छन् । बस्तीस्तरको योजना तर्जुमा बैठक व्यवस्थित रुपमा सञ्चालन तथा सहजीकरण गर्न स्थानीय सरकारले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रममा टोल विकास संस्थाका प्रतिनिधिलाई आमन्त्रण गरी टोल विकास संस्थाको क्षमता विकास गर्नुपर्दछ । यसले टोल विकास संस्थालाई समदायका महिला तथा पछाडी परेका वर्गको सहभागिता सनिश्चित

वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा समावेशी विकास, अझ राम्रो र बलियो निर्माण (BBB)', सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ अवधारणा अबलम्बन गर्नुपर्दछ । यस प्रकार बजेट तथा कार्यक्रम तर्जुमा समितिले वार्षिक कार्यक्रम तथा बजेटको प्रस्ताव तयार गर्दा वडा समिति मार्फत बस्ती तथा समुदायबाट पेश भएका विपद् जोखिम न्यूनीकरण, विपद् पश्चातको पुनर्लाभ र सामुदायिक उत्थानशीलता निर्माण सम्बन्धी कार्यक्रम तथा परियोजनालाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्दछ ।

**चरण ६: कार्यपालिकाबाट कार्यक्रम तथा बजेट स्वीकृत गर्नेः**

यस सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेख भएअनुसार हुनुपर्दछ । कार्यपालिकाले वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्दा नीति, कार्यक्रम तथा बजेटमा विपद जोखिम न्यूनीकरण, सामुदायिक उत्थानशीलता तथा दिगो पुनर्लाभ समावेश भए नभएको सुनिश्चित गर्नुपर्दछ ।

**चरण ७ : स्थानीय सभाबाट कार्यक्रम तथा बजेट स्वीकृत गर्नेः**

यस सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको याजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेख भएअनुसार हुनुपर्दछ । स्थानीय सभाले वार्षिक नीति, कार्यक्रम तथा बजेटमा विपद जोखिम न्यूनीकरण, सामुदायिक उत्थानशीलता र दिगो पुनर्लाभ समावेश भए नभएको सुनिश्चित गरी स्वीकृत गर्नुपर्दछ ।

# परिच्छेद-४: सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ कार्यक्रम कार्यान्वयन

## ४.१ पृष्ठभूमी

स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रचलित कानून, कार्यविधि अनुसार कार्यान्वयन गर्नुपर्दछ । विपद्बाट प्रभावित समुदायलाई उत्थानशीलता निर्माण तथा पुनर्लाभ सम्बन्धी कार्यक्रम, आयोजना तथा क्रियाकलाप तर्जुमा र कार्यान्वयन गर्न संयन्त्र स्थापना गर्नुपर्दछ । समुदायमा आधारित विकास तथा पुनर्लाभका कार्यक्रमबाट अक्सर छुट्न सक्ने र संकटासन्नताको दुश्चक्रमा पर्न सक्ने, विपदबाट प्रभावित तथा सीमान्तकृत समुदायलाई विशेष समूहका रुपमा विपद उत्थानशिलता प्रवर्द्धन तथा पुनर्लाभ कार्यक्रममा समावेश गर्नुपर्दछ । चालु आर्थिक वर्षको स्रोत प्रर्याप्त हुन नसकेमा आगामी आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना एवम् नीति, कार्यक्रम तथा बजेट मार्फत बजेट व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

विपद्बाट प्रभावित समुदायका मागमा आधारित विपद् जोखिम न्यूनीकरण, दिगो आर्थिक, सामाजिक तथा सांस्कृतिक पुनर्लाभ र सामुदायिक उत्थानशीलता निर्माण गर्ने कार्यक्रमहरु स्थानीय आर्थिक कार्यविधि ऐन र खरिद नियममा आवश्यक व्यवस्था गरी सम्बन्धित सामुदायिक संस्था वा समूहबाट कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ । यस दिग्दर्शनमा सहभागितामूलक ग्रामीण पुनर्लाभ परियोजना (Participatory Project on Rural Recovery-PPRR) मा परीक्षण गरिएका मागमा आधारित सामुदायिक उत्थानशिलता निर्माण तथा पुनर्लाभ कार्यक्रम कार्यान्वयनको सिकाइ तथा अनुभवको आधारमा कार्यान्वयन प्रक्रिया प्रस्ताव गरिएका छन्:

## ४.२ उत्थानशीलता तथा पुनर्लाभ कार्यक्रम कार्यान्वयन विधि तथा प्रक्रिया

सामुदायिक उत्थानशीलता निर्माण तथा पुनर्लाभ कार्यक्रम सामुदायिक संस्था वा समूह मार्फत देहायमा उल्लिखित प्रक्रिया पुरा गरी कार्यान्वयन गर्नुपर्दछ:

### ४.२.१ प्रश्ताव आव्हान

वार्षिक कार्ययोजना तथा खरिद योजनाको स्वीकृतिसँगै सामुदायिक उत्थानशील तथा पुनर्लाभ कार्यक्रम विपद् प्रभावित क्षेत्रका सामुदायिक संस्था वा समूह मार्फत कार्यान्वयन गर्न निर्णय गर्नुपर्दछ । यसै व्यवस्थाअनुसार कार्यान्वयन गरिने सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ कार्यक्रम सम्बन्धमा समुदायबाट छलफल गरी वडा कार्यालय मार्फत पेश गर्न सामुदायिक संस्था/समूहसँग परियोजना प्रश्ताव आव्हान गर्नुपर्दछ ।

विपन्न तथा पिछडिएको समूहको नक्शाङ्कन (Disadvantaged Group-DAGs Mapping) बाट पहिचान भएका विपद्बाट प्रभावित समुदायहरुमा प्रस्ताव आव्हानको सूचना गरी प्रस्ताव संकलन गर्नुपर्दछ । आवश्यकता पहिचान तथा प्रस्ताव तयार गर्न कर्मचारी, सामाजिक परिचालक, सामुदायिक सहजकर्ता र स्वयंसेवकहरुलाई परिचालन गर्नुपर्दछ । परियोजना प्रस्तावको नमूना ढाँचा **अनुसुची - ६** मा समावेश गरिएको छ ।

### ४.२.२ कार्यान्वयन योग्यताको अध्ययन

सामुदायिक संस्था/समूहबाट पेश भएका प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन पश्चात् सामुदायिक उत्थानशीलता निर्माण तथा पुनर्लाभ कार्यक्रम छनौट तथा स्वीकृत गर्नु अगाडि कार्यान्वयन योग्यताको अध्ययन गर्नुपर्दछ । कार्यान्वयन योग्यता अध्ययन सम्बन्धी सूची **अनुसूची - ७** मा प्रस्तुत गरिएको छ ।

### ४.२.३ प्रस्ताव छनौट

वडा कार्यालयमा पेश भएका प्रस्तावहरु वडा समितिबाट विपद् प्रभावित समुदायको पुनर्लाभ एवम् विपद् जोखिममा रहेका सीमान्तकृत समुदायको उत्थानशीलता प्रवर्द्धन लगायतका प्रस्तावहरु वस्तुगत आधार पालना गरी प्राथमिकता सहित छनौट गर्नुपर्दछ । प्राथमिकता निर्धारण तथा छनौटका आधारको नमूना **अनुसूची - ८** मा समावेश गरिएको छ । वडा कार्यालयबाट छनौट भएका प्राथमिकताक्रम सहितको प्रस्तावको सूची वडा समितिको सिफारिश सहित कार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

### ४.२.४ कार्यक्रम कार्यान्वयन

वडा कार्यालयबाट छनौट भइ पेश भई स्वीकृत भएका प्रस्ताव कार्यान्वयन गर्न स्थानीय तहले सामुदायिक संस्था/समूहहरुसँग सम्झौता गर्नुपर्दछ । सम्झौता-पत्रमा परियोजनाको विवरण समेत गाउँ/नगर कार्यपालिका कार्यालय र सरोकारवालाको भूमिका तथा जिम्मेवारी स्पष्ट भएको हुनुपर्दछ। सम्झौता-पत्रको नमूना ढाँचा **अनुसूची - ९** मा प्रस्तुत छ । सामुदायिक उत्थानशीलता निर्माण तथा पुनर्लाभ कार्यक्रमको सम्झौता देखि सार्वजनिक परीक्षणसम्मको प्रक्रियामा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने जिम्मेवारी वडा समितिको हुनेछ।

कार्यक्रम कार्यान्वयन गर्ने सामुदायिक संस्था/समूहले प्रमुख क्रियाकलाप तथा समयतालिका उल्लेख भएको एक सरल कार्ययोजना बनाउनु पर्दछ। यस कार्ययोजनालाई सामुदायिक संस्था/समूहले कार्यक्रम कार्यान्वयन र मासिक तथा आवधिक अनुगमनमा प्रयोग गर्नुपर्दछ । कार्यपालिका कार्यालय तथा वडा कार्यालयका सम्बन्धित प्राविधिक कर्मचारीले कार्यक्रम कार्यान्वयन गर्ने सामुदायिक संस्था/समूहलाई परियोजनाको प्राविधिक विवरण उपलब्ध गराउनुका साथै कार्ययोजना तयार गर्न सहयोग तथा सहजीकरण गर्नुपर्दछ । स्थानीय तहमा सम्बन्धित क्षेत्रको विशेषज्ञता उपलब्ध नभएको अवस्थामा वाह्य विशेषज्ञ पहिचान गर्न सहजीकरण गर्नुपर्दछ। यसका साथै विषयगत शाखा/एकाईले उत्पादित वस्तु तथा सेवाको बजार व्यवस्थापन, परियोजनाका क्रियाकलापको अनुगमन, वडा तहमा गठन भएका विपद व्यवस्थापन समिति, सामुदायिक समूह तथा सरोकारवालाको क्षमता विकासमा सहयोग र सहजीकरण गर्नुपर्दछ । कार्ययोजना तथा समुदायबाट गरिने नियमित अनुगमनको नमूना ढाँचा **अनुसूची - १०** प्रस्तुत छ।

### ४.२.५ कार्यक्रमको दिगोपना

सामुदायिक उत्थानशीलता तथा  पुनर्लाभ कार्यक्रम/परियोजना तथा संरचनालाई उत्थानशील बनाउन उत्थानशील संरचना तथा प्रविधिको डिजाइन र संबन्धित विषय क्षेत्रका प्राविधिक एवम् समुदायको क्षमता विकास गर्नुपर्दछ। सामुदायिक उत्थानशीलता निर्माण तथा पुनर्लाभ कार्यक्रमको दिगो सञ्चालनको लागि संरचना वा सम्पत्ती सम्बन्धित विमायोग्य कार्यक्रमको लागतमा समावेश गरी कानून अनुसार विमा गराउनु पर्दछ । सम्बन्धित सामुदायिक संस्था वा समूहले निर्मित संरचना तथा सम्पत्तीको मर्मतसंभार गर्ने जिम्मेवारी निर्वाहा गर्नुपर्दछ।

# परिच्छेद-५: सामुदायिक उत्थानशीलता तथा पुनर्लाभ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन

## ५.१ पृष्ठभूमी

सामुदायिक उत्थानशिलता निर्माण तथा पुनर्लाभ कार्यक्रम कार्यान्वयनको सफलता/असफलता नियमित अनुगमन र सुपरीवेक्षणमा भरपर्दछ । कार्यान्वयन चरणमा परियोजनाको कार्यान्वयन प्रक्रिया तथा नतिजाको अनुगमन तथा पृष्ठपोषण आवश्यक हुन्छ । यसबाट परियोजनाको कार्यान्वयनसँग सम्बन्धित समस्या पहिचान, सम्बोधन, आवश्यक समायोजन र सुधार गर्न सकिन्छ । स्थानीय तहबाट स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश समुदायमा आधारित सामुदायिक उत्थानशीलता निर्माण तथा पुनर्लाभ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको प्रमुख जिम्मेवारी स्थानीय तहको अनुगमन तथा सुपरीवेक्षण समितिको हुनुपर्दछ । अनुगमन तथा मूल्याङ्कन प्रक्रिया स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ऐन, नियम तथा कार्यविधि र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा व्यवस्था भएबमोजिम हुनुपर्दछ । स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था, संरचना र प्रक्रियामा पुनर्लाभ तथा सामुदायिक उत्थानशील कार्यक्रम क्रियाकलापको परिमाण, गुणस्तर, समय र लागतको नियमित अनुगमन गर्ने व्यवस्था समेत समावेश गरी सो अनुसार अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्नुपर्दछ ।

## ५.२ पुनर्लाभ कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रक्रिया तथा विधि

सामुदायिक उत्थानशीलता निर्माण तथा विपद् पश्चातको पुनर्लाभ कार्यक्रम तथा परियोजनाको देहायअनुसार विधि, प्रक्रिया तथा ढाँचाको प्रयोग गरी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछः

### ५.२.१ कार्यान्वयन गर्ने सामुदायिक संस्था वा समूहबाट नियमित अनुगमन

सामुदायिक उत्थानशिल तथा पुनर्लाभ परियोजना कार्यान्वयन गर्ने प्रत्येक सामुदायिक संस्थाले परियोजना कार्यान्वयनको अवस्थामा कामको परिमाण, गुणस्तर, समय, लागत तथा नतिजाको अनुगमन गरी प्रतिवेदन तयार गर्न एक अनुगमन समिति गठन गर्नुपर्दछ । अनुगमन समितिले सामुदायिक उत्थानशीलता निर्माण तथा पुनर्लाभ परियोजनाको कार्ययोजना, परिमाण तथा लक्ष्य, गुणस्तर तथा लागत अनुसार परियोजनाका क्रियाकलापहरुको प्रगतिको अनुगमन गर्ने, प्राप्त नतिजा र सवालको समीक्षा गरी अभिलेख राख्ने, वडा समिति तथा कार्यपालिका कार्यालयमा प्रतिवेदन पेश गर्ने जिम्मेवारी निर्वाहा गर्नुपर्दछ ।

अनुगमनका लागि परियोजनाको कार्ययोजनासँग मिल्दोजुल्दो एक सरल अनुगमन तथा मूल्याङ्कन ढाँचाको प्रयोग गर्नुपर्दछ । यसबाट सामुदायिक संस्थामा परियोजनाका क्रियाकलापको अनुगमन गर्ने जिम्मेवारी प्राप्त अनुगमन समितिका सदस्य तथा अनुगमन प्रक्रियामा संलग्न हुने व्यक्तिलाई परियोजनाको नतिजा, प्रक्रिया र सवालहरुको बारेमा अनुगमन गरी अभिलेख राख्न सहज हुनेछ । सामुदायिक संस्था/समूहद्धारा कार्यान्वयन गरिने सामुदायिक उत्थानशिलता निर्माण तथा विपद् पुनर्लाभ कार्यक्रम/परियोजनाको नियमित अनुगमन तथा प्रतिवेदनको नमूना ढाँचा **अनुसूची - १०** मा प्रस्तुत गरिएको छ ।

### ५.२.२ वडास्तरीय अनुगमन

वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले समुदायमा आधारित उत्थानशीलता तथा पुनर्लाभ परियोजना कार्यान्वयनको अबधिमा नियमित रुपमा स्थलगत अनुगमन गर्नुपर्दछ । कार्यक्रम/परियोजना कार्यान्वयनको प्रक्रिया, सवाल तथा कार्यसम्पादनका नतिजासँग सम्बन्धित प्रश्नावलीको प्रयोग गरेर कम्तिमा कार्यान्वयनको प्रारम्भिक अवस्थामा, मध्यमअवधिमा र अन्तिम अवस्थामा अनुगमन गर्नुपर्दछ । वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन पश्चात अनुगमन तथा प्रगतिको विवरण परियोजना कार्यान्वयन गर्ने सामुदायिक संस्थाका साथै सम्बन्धित विषयगत शाखा/एकाईलाई पृष्ठपोषण प्रदान गर्नुपर्दछ । वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले गरेको प्रगति अनुगमनको प्रतिवेदन गाउँ/नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति समक्ष पेश गर्नुपर्दछ । अनुगमन प्रतिवेदनको नमूना ढाँचा **अनुसूची - ११** मा प्रस्तुत गरिएकोछ ।

### ५.२.३ गाउँ/नगरपालिकास्तरीय अनुगमन

सामुदायिक उत्थानशीलता निर्माण पुनर्लाभ कार्यक्रमको प्रगति समीक्षा तथा अनुगमन गर्ने मुख्य जिम्मेवारी गाउँ/नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको हुनेछ । अनुगमनमा सम्बन्धित शाखा वा एकाईको समेत प्रत्यक्ष सहभागिता हुनुपर्दछ । समितिले निर्धारित समयतालिका, परिमाण, गुणस्तर र नतिजा प्राप्त हुने गरी कार्यक्रम/परियोजनाको कार्यान्वयन गर्न सामुदायिक संस्थाबाट नियमित अनुगमन तथा वडास्तरीय अनुगमन समितिबाट आवधिक अनुगमन प्रतिवेदनको समीक्षा गर्नुपर्दछ । अनुगमनको नतिजाको आधारमा गाउँ/नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले सम्बन्धित सामुदायिक संस्था, वडा कार्यालय, विषयगत शाखा तथा सरोकारवालालाई कार्ययोजना तथा लक्ष्य अनुसार कार्य गर्न तथा सुधार गर्न सुझाव प्रदान गर्नुपर्दछ । अनुगमन प्रतिवेदनको नमूना ढाँचा **अनुसूची - ११** मा समावेश गरिएको छ ।

## ५.३ पुनर्लाभ कार्यक्रमको मूल्याङ्कन

विपद प्रभावित समुदायको पहलमा तर्जुमा भई कार्यान्वयन हुने सामुदायमा आधारित विपद् जोखिम न्यूनीकरण, पुनर्लाभ तथा उत्थानशील परियोजनाको सार्वजनिक परीक्षण तथा परियोजना सम्पन्न प्रतिवेदन मार्फत देहायअनुसार मूल्याङ्कन गर्नुपर्दछ ।

### ५.३.१ सार्वजनिक परीक्षण

पुनर्लाभ तथा सामुदायिक उत्थानशील परियोजना कार्यान्वयन सम्पन्न भएपश्चात् कार्यान्वयन गर्ने प्रत्येक सामुदायिक संस्थाले वडा समितिको सहयोग तथा सहजीकरणमा सार्वजनिक परीक्षण गर्नुपर्दछ । सार्वजनिक परीक्षणको माध्यमबाट सामुदायिक संस्था/समूहका सदस्य, लाभग्राही जनसंख्या, वडा समिति र कार्यपालिकाका पदाधिकारी तथा अन्य सम्बन्धित सरोकारवालालाई आमन्त्रण गरी परियोजनाको कामको परिमाण, गुणस्तर, समय, आम्दानी, खर्च र कार्यक्रम/परियोजनाबाट हासिल उपलब्धिहरु सार्वजनिक गर्नुपर्दछ ।

### ५.३.२ आयोजना सम्पन्न प्रतिवेदन

पुनर्लाभ तथा सामुदायिक उत्थानशील परियोजना कार्यान्वयनमा सम्बन्धित स्थानीय तहको कानून र कार्यविधिमा भएको व्यवस्था, परियोजना कार्यान्वयनको लागि सम्बन्धित सामुदायिक संस्थासँग भएको सम्झौता-पत्र र समुदाय, वडा र गाउँ/नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन समेतको आधारमा परियोजना सम्पन्न भएपश्चात परियोजनाको कार्यान्वयन प्रक्रिया, प्रतिफल तथा असरको मूल्याङ्कन गर्नुपर्दछ । यसरी मूल्याङ्कन गर्दा आयोजनाको सान्दर्भिकता, कार्यदक्षता, प्रभावकारिता तथा प्रभावको लेखाजोखा गरी अन्तिम प्रतिवेदन तयार गर्नुपर्दछ । यस सम्बन्धी कार्यको प्रमुख जिम्मेवारी गाउँ/नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको हुनेछ ।

# अनुसुचीहरू

## अनुसूची १: पुनर्लाभ तथा उत्थानशीलतासँग सम्बन्धित प्रमुख अवधारणाहरु

(दिग्दर्शनको परिच्छेद १ को दफा १.५ सँग सम्बन्धित)

### १. अझ राम्रो र बलियो निर्माण (Build Back Better-BBB)

'अझ राम्रो र बलियो निर्माण (BBB)' अवधारणामा आधारित पुनर्लाभको उद्देश्य विपद्लाई अवसरको रूपमा लिई विपद प्रभावित जनसंख्या तथा समाजका विभिन्न पक्षलाई पुन: फर्केर हेर्ने र उनीहरुलाई भविष्यमा हुन सक्ने विपद् जोखिमका लागि थप बलियो र उत्थानशील बनाउने हो । यसका मुल ध्येय विनाश भएका संरचनाको पुन:निर्माण मात्र नभएर विपद्ले असर पुऱ्याएका जीवनयापन, आर्थिक तथा सामाजिक अवसरहरू समेत पुन: प्राप्त गर्नु हो । यसका साथै पुनर्लाभको उद्देश्य सामाजिक सञ्जालहरूको पुन:स्थापना गरी तिनमा सुधार गर्नु समेत हो, जसले विपदको समयमा महत्वपूर्ण सहायता प्रदान गर्नेछन् । व्यक्ति तथा समाजमा दीर्घकालीन नकारात्मक असर सिर्जना हुन सक्ने हुँदा विपद् पश्चात् उत्पन्न हुने गम्भीर मनोवैज्ञानिक तथा सांस्कृतिक समस्याको समाधान पनि आवश्यक हुन्छ । पुनर्लाभ प्रक्रियाले विपद् पश्चातका समस्याको सामना गर्न जोखिममा रहेका तथा विपद प्रभावित समुदायले चाहेका दिगोपना तथा उत्थानशील सोचको आधारमा अगाडि हेर्ने रणनीति अनुसार कार्यहरु गर्न सक्नु पर्दछ ।

यसर्थ, अझ राम्रो र बलियो निर्माण (BBB) अवधारणामा आधारित पुनर्लाभ हासिल गर्न सरकार, नागरिक समाज तथा समुदायले भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय तथा संस्थागत लगायत विविध आयामसँग सम्बन्धित पुनर्लाभका समस्याहरू पहिचान गरी तिनको सामना गर्नुपर्दछ । विपद् पश्चात्को पुनर्लाभमा नेपाल सरका, प्रदेश सरकार र मानवीय सहायता सम्बद्ध निकायहरु मुख्यत: विनाश भएका भौतिक संरचना पुनर्निर्माण तिर जुट्ने गर्दछन्  भने सो सयमा स्थानीय सरकार तथा समुदाय नदेखिने, अभौतिक, गैर पूर्वाधार पुनर्लाभका प्राथमिकता तर्फ केन्द्रित हुनुपर्दछ ।

**बाकस १.१: अझ राम्रो र बलियो निर्माण (BBB) को परिभाषा**

अझ राम्रो र बलियो निर्**माण** (BBB) भनेको "विपद्का जोखिम न्यूनिकर**ण**का उपायहरूलाई भौतिक संरचनाको पुन:स्थापना तथा सामाजिक प्र**णा**लीको पुन:स्थापनासँग मिलाएर जीवनयापन, अर्थतन्त्र तथा वातावर**ण**लाई पुनर्स्थापित गर्दै विपद् पश्चातका पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्मा**ण**का चर**ण**हरूमा राष्**ट्र** तथा समुदायको उत्थानशिलता वृ**द्धि** गर्न प्रयोग गर्नु हो ।"

(UNDRR 2017)

### २. सामुदायिक उत्थानशीलता (Community Resiliance)

अझ राम्रो र बलियो निर्माण (BBB) अवधारणामा आधारित पुनर्स्थापनाको सबैभन्दा महत्वपूर्ण एक आधार स्तम्भ सामुदायिक उत्थानशीलता हो । सामुदायिक उत्थानशिलतालाई समाजका विभिन्न पक्षहरूको उपज मान्न सकिन्छ जस्तै: समुदायको परम्परागत ज्ञान, सामाजिक सञ्जाल तथा समुदाय बीचको अन्तरसम्बन्ध, संवाद, नेतृत्व तथा व्यवस्थापन, आर्थिक लगानी, विपद्को तयारी, मनोवैज्ञानिक स्वस्थता आदि । पुनर्लाभ तथा उत्थानशीलता सम्बन्धी विभिन्न अध्ययनहरूमा समुदायिक उत्थानशिलतालाई विभिन्न तरिकाले परिभाषित गरिएका छन् । नेपालले सन् २०११ मा विकास गरेको उत्थानशील समुदायका ९ न्यूनतम विशेषताहरुमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सूचनामा पहुँच, जोखिम तथा क्षमता लेखाजोखा, सामुदायस्तरमा पूर्वतयारी तथा प्रतिकार्य टोली निर्माण, विपद जोखिम व्यवस्थापन कोष, समुदायमा आधारित पूर्वतयारी लगायत समुदायस्तरमा विपद् जोखिम न्यूनीकरणका लागि गर्नुपर्ने कार्यहरु समावेश रहेका छन् । सामुदायिक उत्थानशीलता निर्माण तथा दिगो पुनर्लाभलाई स्थानीय तहको योजना, कार्यक्रम तथा बजेट मार्फत मूलप्रवाहीकरण गर्ने कार्यमा उपरोक्त विशेषताहरुका साथैसाथै सामाजिक सञ्जाल निर्माण, स्वास्थ्य, शिक्षा, सुशासन तथा नेतृत्व विकास जस्ता वृहत सेवाहरु समेत समावेश गरिएका छन् । नेपालले तयार गरेका सामुदायिक उत्थानशीलतका १० तत्वहरु देहायअनुसार वाकस १.२ मा उल्लेख गरिएका छन् ।

**बाकस १.२: सामुदायिक उत्थानशीलताका १० तत्वहरू**

१. सम्बन्धीत क्षेत्रको ज्ञान

२. सामाजिक सञ्जालहरू र तिनका सम्बन्ध

३. सञ्चार

४. स्वास्थ्य

५. सुशासन तथा नेतृत्व

६. स्रोत तथा साधनहरू

७. आर्थिक लगानी

८. विपद्को पूर्वतयारी

९. आशा तथा मनोवैज्ञानिक स्वस्थता

१०. सचेतीकरण

अर्को शब्दमा, अझ राम्रो र बलियो निर्माण (BBB) अवधारणामा आधारित पुनर्स्थापनाको लागि समुदायको उत्थानशिलता सबल बनाउन प्रभावित नागरिकहरु बीच आफ्नो समुदायमा सामाजिक सञ्जालको प्रवर्धन गर्ने क्षमताको विकास गर्नु र पारस्परिक सहायता संयन्त्रहरु स्थापित गर्नु आवश्यक हुन्छ । समुदायमा स्थापित सामुहिक संयन्त्रहरू मार्फत विपद् जोखिम न्यूनीकरण सचेतना तथा बुझाइलाई सबल बनाउन सकिन्छ र विपद् पूर्वको तयारीलाई प्रवर्द्धन गर्न सकिन्छ । यसका साथै स्थानीय सरकारले सामाजिक सञ्जालहरुको क्षमता विकासको लागि सहयोग गर्नु आवश्यक हुन्छ ।

**३. कसैलाई पनि नछुटाऔं** (Leave No One Behind-LNOB)

अझ राम्रो र बलियो निर्माण (BBB) मा अवधारणामा आधारित पुनर्लाभको सबैभन्दा महत्वपूर्ण अर्को आधार स्तम्भ सहभागिता तथा समावेशीकरण हो । पुनर्लाभ सम्बन्धी सबै प्रक्रियामा समुदायको सहभागिता अत्यन्त महत्वपूर्ण हुन्छ । सहभागितामूलक प्रक्रियामार्फत स्थानीय विकास योजनामा पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरणका प्राथमिकतालाई सम्बोधन गर्न प्रयास गर्नुपर्दछ । समुदाय स्वयम्लाई आफ्ना आवश्यकता तथा प्राथमिकता झल्किने गरेर पुनर्लाभ सम्बन्धी कार्यक्रम/परियोजनाको छनौट, कार्यान्वयन तथा निगरानीमा सहभागी गराउनु पर्दछ । सन् २०११ को पूर्वी जापानको महाभूकम्पको विनाशबाट पुनर्लाभ हासिल गरेका जापानका नगरपालिकाहरुको अनुभवले समुदायको सक्रिय सहभागिता भएका पुनःनिर्माण तथा पुनर्लाभ परियोजनाको कार्यान्वयनको क्रममा कम चुनौती तथा असफलताको सामना गर्नु परेको देखाएकोछ । यसैगरी सरकार ('सार्वजनिक') को सहयोग तथा नागरिक/समुदाय ('आफूले आफैंलाई र पारस्परिक सहयोग') बीचको सहकार्य तथा संयोजनलाई बलियो बनाउँदा पुनर्लाभका प्रयासहरुमा स्थानीय समुदायको अपनत्व सिर्जना भइ पुनर्लाभका नतिजाहरू दीर्घकालीन हुन्छन् ।




विपद्ले विशेष गरेर विपन्न तथा पछाडि परेका वर्गलाई बढी असर पुर्‍याइ गरिबीको दुष्चर्कमा फसाउँने हुँदा उनीहरुलाई स्थानीय पुनर्लाभका प्रयास, प्रक्रिया र नतिजा प्राप्तिको अभियानमा सहभागी गराउनु पर्दछ । नेपाल सरकारले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, दलित, मधेसी, आदिवासी तथा लोपोन्मुख आदिबासी जनजातिलाई वञ्चितीकरण परेका वर्गको रूपमा परिभाषित गरेको छ । उदाहरणको लागि विपद् पश्चात्को आवश्यकता लेखाजोखा सम्बन्धी प्रतिवेदन अनुसार २०७२ को विनाशकारी भूकम्पमा ५५ प्रतिशत मृतकहरू महिला तथा ४५ प्रतिशत मृतकहरू पुरुष मृत्यु भएको थियो । त्यसका साथै पुरुषहरू विदेशिएका कारण घर पुनर्निर्माण गर्न महिलाले बढी जिम्मेवारी लिनु पर्यो र उत्पादनमूलक क्षेत्र जस्तैः कृषि तथा पशुपालनमा महिलाले नै बढी जिम्मेवारी लिएको पाइयो ।

समावेशी पुनर्लाभको अवधारणा दिगो विकासका लक्ष्यहरू (SDGs), २०३० दिगो विकास एजेन्डाको कसैलाई पनि नछुटाऔं (Leave No One Behind - LNOB) सिद्धान्तसँग मिल्दोजुल्दो छ । कसैलाई पनि नछुटाऔ (LNOB) अवधारणामा विपन्न तथा वञ्चितीकरणमा परेका वर्गसम्म पुग्नु मात्र नभइ भेदभाव, असमानता र तिनका मूल

कारकसँग लड्ने रणनीति समेत समावेश भएको हुनुपर्दछ । सेवा, स्रोत साधन तथा समान अवसरबाट वञ्चित हुनु भनेको दुर्भाग्यको कारण वा स्रोत साधनको अभावले भएको नभइ विभेदपूर्ण नीति, कानुन, सामाजिक अभ्यासले गर्दा भएको हो र जसले विपन्न तथा वञ्चितीकरणमा परेका विशेष समूहका नागरिकलाई अझै पछाडि धकेल्छन् ।

'अझ राम्रो र बलियो निर्माण' सम्बन्धी प्रयासहरूको हिस्साको रुपमा समुदाय, क्षेत्र र राष्ट्रलाई नै थप सबल र उत्थानशील बनाउन विपन्न तथा वञ्चितीकरणमा रहेका वर्ग तथा समूहलाई प्रक्रियागत हिसाबले लक्षित गर्नु र तिनलाई पुनर्लाभ योजना तथा कार्यान्वयन प्रक्रियामा सहभागी गराउने संयन्त्रको विकास पर्दछ । यस्ता समूहका जनसंख्यालाई भविष्यमा आउने विपद्हरुको उच्च जोखिमबाट संरक्षण गर्न लगातार रुपमा यस प्रकारका सचेत प्रयास गर्नुपर्दछ । विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले पनि विपद्मा समावेशिताको आवश्यकता सम्बोधन गरेको छ ।[1] यसले 'कसैलाई पनि नछुटाऔं (LNOB)' योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेतलाई समेट्दछ ।

[४] National Disaster Risk Reduction Plan of Action (2018-2030), GoN/MoHA, 2017, खण्ड 5.4।

## अनुसूची २: स्थानीय तहको योजनामा पुनर्लाभ तथा उत्थानशीलता एकीकरणका मुख्य सिद्धान्तहरु

*(दिग्दर्शनको परिच्छेद ३ को दफा ३.२ सँग सम्बन्धित)*

आवधिक योजना तथा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा 'कसैलाई पनि नछुटाऔं (LNOB)', 'अझ राम्रो र बलियो निर्माण (BBB)' अवधारणामा आधारित पुनर्लाभको दृष्टिकोणबाट तलका मूख्य सिद्धान्तलाई ध्यान दिनुपर्दछ:

### *क. सबै क्षेत्र र उपक्षेत्रमा विपद् जोखिम न्यूनीकरण (DRR) र पुनर्लाभका प्राथमिकता तथा कार्य समाहित गर्ने*

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा देहायअनुसार जस्तैः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन जस्ता मुख्य विषयहरु सोअन्तर्गतका उपक्षेत्ररु समावेश गरी स्थानीय तहले आवधिक योजना र वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था गरिएको छ । स्थानीय आवधिक योजना तथा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा विपद उत्थानशीलता र पुनर्लाभ सम्बन्धी सोच, प्राथमिकता र सवालहरुलाई सबै प्रमुख विषय क्षेत्र तथा सो अन्तर्गतका उपक्षेत्रहरुमा समाहित गरी विपद उत्थानशीलता र पुनर्लाभका विषयहरूलाई मूलधारमा ल्याउनु पर्नेछ ।

स्थानीय विकासका प्रमुख विषय क्षेत्र र उपक्षेत्रहरूको प्रतिस्पर्धी प्राथमिकताहरू मध्ये मानवीय र आर्थिक क्षति निम्त्याउन सक्ने विपद् जोखिम न्यूनीकरणलाई मुख्य प्राथमिकतामा राख्नुपर्दछ । यसको उदाहरणको लागि विनाशकारी भूकम्प २०७२ र सोपछिका पराकम्पनले भूकम्प प्रभावति क्षेत्रका गम्भीर रुपमा क्षति पुगेका अधिकांश विद्यालयहरु पुनःनिर्माण गरिए तर आंशिक क्षति पुगेका कतिपय विद्यालयका भवन तथा पर्खालहरु यथाअवस्थामै छोडिए, जसको विद्यार्थी र आसपासका समुदायमा गम्भिर जोखिमको त्रास रहन्छ । तसर्थ शुरुवाती पुनर्निर्माणको चरण पूरा भएपछि पनि बाँकी रहेका संरचनाको पुनर्निर्माण वा प्रवोधीकरण पहिचान गरी पुननिर्माण गर्नु अति आवश्यक हुन्छ ।

### *ख. विपद-पूर्वको सामान्य अवस्थामा जस्तैः उत्थानशील समाज निर्माण गर्नका लागि अग्रणी कार्यहरू गर्ने*

'अझ राम्रो र बलियो निर्माण (BBB)' को अवधारणा अनुसार थप उत्थानशील संरचना तथा समाज निर्माण गर्न चाहान्छौँ भने विकासका परम्परागत ज्ञान र विधिमा मात्र भर गरेर हुँदैन । विशेषगरी आवधिक योजना तर्जुमा गर्दा राम्रो भविष्यका लागि साझा लक्ष्य पहिचान गर्न सरोकारवालालाई जीवन्त छलफलमा संलग्न गराउने ठुलो अवसर मिल्दछ । यसले विपद् पूर्व सोच्न नसकिएको अग्रणी, नवीन विकासका रणनीतिहरू, विधिहरू र कार्यक्रमहरू पहिचान र तर्जुमा गर्ने अवसर पनि प्रदान गर्दछ ।

### *ग. समुदाय, वडा र गाउँ/नगरस्तरमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी संस्थागत व्यवस्था र क्षमता विकास प्रवर्द्धन गर्ने*

प्रचलित कानून अनुसार स्थानीयस्तरमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि अधिकांश स्थानीय सरकारले स्थानीय विपद व्यवस्थापन समिति र वडास्तरीय विपद व्यवस्थापन समिति गठन गरेका छन् । उपरोक्त संस्थागत संयन्त्रहरु उनीको काम, कर्तव्य र अधिकार बमोजिम विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सीप, दक्षता र अनुभवका कमीका कारण यससम्बन्धी कार्यमा अपेक्षा अनुसार क्रियाशील हुन सकेका छन् । यसका साथै समुदायस्तरको विपद् पूर्वतयारी, क्षमता विकास र पुनर्लाभ तथा उत्थानशीलता सम्बन्धी प्रयासहरु समेत विरलै हुने गरेको अवस्था छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता विकासको निरन्तर प्रयास बिना विपद जोखिमको संभावना र असुरक्षा यथावत रहन्छ । तसर्थ विपद जोखिम न्यूनीकरण तथा पुनर्लाभ समेत विपद व्यवस्थापनसँग सम्बन्धित स्थानीय, वडास्तरीय र समुदायस्तरको विपद व्यवस्थापन समिति लगायतका संस्थागत संरचनाको गठन तथा क्षमता विकास गर्नु अपरिहार्य हुन्छ ।

***घ. भविष्यमा आउने विपद्का विरुद्ध पछाडि परेका समूहहरुको क्षमता विकास जोड दिइ विकासका सबै क्षेत्र र उपक्षेत्रहरूमा लैंगिक समानता र सामाजिक समावेशीकरण (GESI) लाई मूलधारमा ल्याउने***

'अझ राम्रो र बलियो निर्माण (BBB)' र सामुदायिक उत्थानशीलताका लागि शिक्षा, सचेतना, स्वास्थ्य र सामाजिक सञ्जाल, जिविकोपार्जन र आर्थिक पुनर्लाभ देखि संस्थागत विकास लगायतका एक भन्दा बढी क्षेत्र वा तत्वमा सुधार ल्याउनु आवश्यक छ। समाजमा रहेका विपद जोखिम र सबै क्षेत्रको असुरक्षाहरू घटाउन र उत्थानशीलता बढाउनका लागि सबै क्षेत्र र उपक्षेत्रहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषय र रणनीतिलाई मूलधारमा ल्याउनु पर्दछ। लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैंगिक उत्तरदायी बजेट जस्ता औजारहरु यस सम्बन्धमा उपयुक्त हुन सक्दछन्।

लैंगिक समानता र सामाजिक समावेशीकरणलाई मूलधारमा ल्याउनु साथै विपन्न र वञ्चितीकरणमा परेका समूहहरूको क्षमता विकासका प्रयासहरूमा विशेषगरी स्थानीय सरकारहरुले थप लगानी गर्नु आवश्यक छ। यसबाट विपन्न तथा वञ्चितीकरणमा परेका समूहहरु विपदको सामाना गर्न र विपद उत्पन्न हुँदा सहजै उत्थानशील हुन सक्दछन्। यसका लागि जीविकोपार्जन सुधार/पुनर्लाभ अवसर सिर्जना गर्ने, विपद जोखिम सम्बन्धी सचेतना र बुझाइमा अभिबृद्धि गर्ने, विपन्न तथा वञ्चितीकरणमा परेका समूहहरू बीच सार्वजनिक निकाय, सामाजिक सञ्जाल र संयन्त्रसँग सम्बन्ध बलियो बनाउने र विपन्न तथा पिछडिएका वर्गको राजनैतिक सशक्तीकरणमा सहयोग गर्ने लगायतका विषयमा सहयोग गर्नुपर्दछ।

***ङ. पुनर्लाभ र विकासका प्रक्रियामा संकटासन्न समूहहरू लगायतका समूहहरूको सहभागिता बढाउने***

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र विपन्न तथा वञ्चितीकरण परेका वर्ग नागरिकहरु आफूलाई प्रभाव पर्ने पुनःर्स्थापना र विकासका प्रक्रियामा सक्रिय र अर्थपूर्ण रूपमा सहभागी हुने अवस्था निर्माण भएमा मात्र माथि उल्लिखित अधिकांश सिद्धान्तहरूको सान्दर्भिकता रहन्छ। किनकी यो 'अझ राम्रो र बलियो निर्माण (BBB)' मा आधारित पुनर्लाभ र उत्थानशीलता निर्माणको एक पूर्वशर्त र आधारशीला हो। वार्षिक नीति तथा कार्यक्रम मार्फत सामुदायिक उत्थानशील परियोजना तर्जुमा र कार्यान्वयन गरी यस प्रकारको अवस्था सिर्जना गर्न सकिन्छ।

## अनुसूची ३: तथ्याङ्क सङ्कलनका लागि विपद् जोखिम न्यूनीकरण/पुनर्लाभका मुद्दाहरू र सूचकहरूको सूची

*(दिग्दर्शनको परिच्छेद ३ को दफा ३.२.१ चरण २ को बुँदा १ सँग सम्बन्धित)*

| श्रेणी | अनुसन्धान विषय/ मुद्दाहरू | सुचकहरु/विशिष्ट अनुसन्धान विषयहरु | सुचनाका प्रकार | श्रोत | जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
| **भाग १: भौतिक पुर्वाधार क्षेत्र** | | | | | | |
| निजि घर/ आवास | वडागत रुपमा घरको क्षति र पुनर्लाभको स्थिति | क्षति भएका घरको संख्या | मात्रात्मक | | | |
| | | पुन:निर्माण भएका घरको संख्या र % | मात्रात्मक | | | |
| | | बाढीबाट क्षति भएको घरको संख्या | मात्रात्मक | | | |
| | | बाढीबाट क्षति भएका घरको पुन:निर्माणको संख्या र % | मात्रात्मक | | | |
| | भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी मिस्त्री /डकर्मी तालिम कार्यक्रम कार्यान्वयन अवस्था | भूकम्प प्रतिरोधी घर निर्माणमा तालिम प्राप्त मिस्त्री/डकर्मीको संख्या | मात्रात्मक | | | |
| सार्वजनिक भवनहरु | भूकम्पबाट सार्वजनिक भवनहरूको क्षति र पुनर्लाभको स्थिति | भूकम्पबाट प्रशासनिक कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | भूकम्पबाट हुलाक कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | भूकम्पबाट वन कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | भूकम्पबाट कृषि ज्ञान केन्द्रको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | भूकम्पबाट पशु सेवा केन्द्रको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | भूकम्पबाट महिला कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | भूकम्पबाट सामुदायिक भवनको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | बाढीबाट सार्वजनिक भवनहरूको क्षति र पुनर्लाभको स्थिति | बाढीबाट प्रशासनिक कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बाढीबाट हुलाक कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बाढीबाट वन कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बाढीबाट कृषि केन्द्रको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बाढीबाट पशुसेवा केन्द्रको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बाढीबाट महिला कार्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बाढीबाट सामुदायिक भवनको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| सांस्कृतिक सम्पदा | सांस्कृतिक सुविधाहरुको क्षति र पुनर्लाभको स्थिति | गुम्बा, मन्दिर, धर्मसंस्कृति र अन्य सम्पदाको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बाढीबाट गुम्बा, मन्दिर र संस्कृति तथा धर्म सम्बन्धित अन्य सम्पदाको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |

| श्रेणी | अनुसन्धान विषय/ मुद्दाहरू | सुचकहरु/विशिष्ट अनुसन्धान विषयहरु | सुचनाका प्रकार | श्रोत | जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
| पुर्वाधार | पुर्वाधारको क्षति र पुनर्लाभको स्थिति | सडक, पुल तथा पदमार्गको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | सिंचाई पुर्वाधारको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | विद्युत तथा बैकल्पिक उर्जाको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | संचार प्रविधिको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | बाढीबाट पुर्वाधारको क्षति र पुनर्लाभको स्थिति | सडक, पुल तथा पदमार्गको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | सिंचाई पुर्वाधारको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | बिधुत तथा बैकल्पिक उर्जाको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | संचार प्रविधिको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण पूर्वाधार | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार भूकम्पीय सुदृढीकरण संरचना भएको पुलको लम्बाइ/संख्या | मात्रात्मक | | | |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार भूकम्पीय सुदृढीकरण संरचना भएको सिंचाई संरचनाको लम्बाइ/संख्या | मात्रात्मक | | | |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार भूकम्पीय सुदृढीकरण संरचना भएको विद्युत पुर्वाधारको लम्बाइ/संख्या | मात्रात्मक | | | |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार भूकम्पीय सुदृढीकरण संरचना भएको संचार पुर्वाधारको लम्बाइ/संख्या | मात्रात्मक | | | |
| भूकम्पीय मापदण्ड | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका घर | भूकम्प प्रतिरोधी भवन प्रविधि र मापदण्ड अनुसार निर्माण भएका घरहरूको संख्या | मात्रात्मक | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | भूकम्प प्रतिरोधी भवन प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवनहरूको संख्या | मात्रात्मक | | | |
| **भाग २: आर्थिक क्षेत्र** | | | | | | |
| घरधुरीको आम्दानी/ जीविकोपार्जन | २०७२ को भूकम्प अघि र पछि गरिबी/कल्याणको स्थिति | २०७२ को भूकम्प अघि र पछि प्रति घरधुरी आम्दानीको संक्रमण | मात्रात्मक | | | |
| | | २०७८ को बाढी अघि र पछि प्रति घरधुरी आम्दामीको संक्रमण | मात्रात्मक | | | |
| | | घरधुरीस्तरमा गरिबी/कल्याणको गैर-आयमा आधारित मापन (आवास प्रकार, आदि) | मात्रात्मक र गुणात्मक | | | |
| पशुसेवा | पशुधनको क्षति, पुनर्लाभ स्थिति र पुनर्लाभ कार्यक्रम/ क्रियाकलाप | वडागत रुपमा पशुधनको क्षति | मात्रात्मक | | | |
| | | पशुधनको पुनर्लाभ स्थिति | मात्रात्मक | | | |
| | | पालिका (स्थानीय सरकार) र अन्य साझेदारद्वारा पशुधनको पुनर्लाभ कार्यक्रम/क्रियाकलापको सूची | मात्रात्मक र गुणात्मक | | | |

| श्रेणी | अनुसन्धान विषय/ मुद्दाहरू | सुचकहरु/विशिष्ट अनुसन्धान विषयहरु | सुचनाका प्रकार | श्रोत | जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
| | बाढीबाट पशुधनको क्षति, पुनर्लाभ स्थिति र पुनर्लाभ कार्यक्रम /क्रियाकलाप | वडागत रुपमा पशुधनको क्षति | गणनात्मक | | | |
| | | पशुधनको पुनर्लाभ स्थिति | गणनात्मक | | | |
| | | स्थानीय सरकार र अन्य साझेदारद्वारा सञ्चालित पशुधन सम्बन्धी पुनर्लाभ/ कार्यक्रम क्रियाकलापको सूची | मात्रात्मक र गुणात्मक | | | |
| कृषि | कृषिको क्षति, पुनर्लाभ स्थिति र पुनर्लाभ कार्यक्रम/क्रियाकलाप | कृषिको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | स्थानीय सरकार र अन्य साझेदारद्धारा सञ्चालित कृषि सम्बन्धी पुनर्लाभ/ कार्यक्रम क्रियाकलापको सूची | मात्रात्मक र गुणात्मक | | | |
| | बाढीबाट खेतीयोग्य जमिन, बाली र खाद्यान्नमा क्षति | बाढीबाट क्षति भएका खेतीयोग्य जमीन (रोपनी) | मात्रात्मक | | | |
| | | बाली क्षति (रोपनी वा के.जि.) | मात्रात्मक | | | |
| | | भण्डारण गरिएको खाद्यान्नमा क्षति | मात्रात्मक | | | |
| वाणिज्य तथा पर्यटन | वाणिज्य तथा पर्यटनको क्षति र पुनर्लाभ स्थति | वाणिज्य भवन तथा पुर्वाधार (पसल, निजी कार्यालय आदि) को क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | पर्यटन (होटेल, आवास, अन्य सुविधा) सँग सम्बन्धित सुविधाको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | पर्यटन (होटल, आवास र अन्य सुविधाहरु) को क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | | स्थानीय सरकार र अन्य साझेदारद्वारा निजी व्यवसाय र पर्यटनसँग सम्बन्धित जीविकोपार्जनको पुनर्लाभ कार्यक्रम/ क्रियाकलापको सूची | मात्रात्मक र गुणात्मक | | | |
| बजार | कृषि तथा पुशपंक्षी उपजहरुको क्षति | २०७२ को भूकम्पको कारणबाट कृषि तथा पशुपंक्षी उपजमा भएको क्षति र पुनर्लाभ स्थिति | मात्रात्मक र गुणात्मक | | | |
| | | बाढीको कारणबाट कृषि तथा पशुपालन संकलनहरुको क्षति र पुनर्लाभ स्थिति | मात्रात्मक र गुणात्मक | | | |
| | स्थानीय बजार केन्द्रको क्षति | २०७२ को भूकम्प, बाढी र अन्य विपद्को कारणबाट स्थानीय बजार केन्द्रको क्षति र पुनर्लाभ स्थिति | मात्रात्मक र गुणात्मक | | | |
| रोजगारी | स्थानीय रोजगारी अवसरमा असर | स्थानीय रोजगारी (विद्युतीकरण, विद्युतीय मर्मत सम्भार, सिलाई, कृषि औजारको उत्पादन आदि) मा प्रभाव | मात्रात्मक र गुणात्मक | | | |
| | स्व:रोजगार | स्व:रोजगार (विद्युतीकरण, विद्युतीय मर्मत सम्भार, सिलाई, कृषि औजारको उत्पादन आदि) मा प्रभाव | मात्रात्मक र गुणात्मक | | | |
| **भाग ३: सामाजिक क्षेत्र** | | | | | | |
| समुदायको एकता | २०७२ को भूकम्प अघि र पछि बिच समुदायको एकतामा परिवर्तन | २०७२ को भूकम्प अघि र पछि बिच समुदायको एकतामा परिवर्तन | गुणात्मक | | | |
| | | जातीय र लैङ्गिक विभेदका घटनाहरु | गुणात्मक | | | |
| | | घट्दो महिला हिंसाका घटनाहरु | गुणात्मक | | | |
| | | बढ्दो महिला तथा सुविधा विमुख समुहको शसक्तिकरण र नेतृत्व | गुणात्मक | | | |

| श्रेणी | अनुसन्धान विषय/ मुद्दाहरू | सुचकहरु/विशिष्ट अनुसन्धान विषयहरु | सुचनाका प्रकार | श्रोत | जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक एकता मापन गर्ने राम्रो तरिकाहरूको अन्वेषण | मात्रात्मक | | | |
| संकटासन्न/ पिछडिएका समूहको लागि सामाजिक सहयोग | स्थानीय सरकार तथा अन्य साझेदारद्धारा सञ्चालित पछाडी परेका समूहको लागि पुनर्लाभ र विपद जोखिम न्यूनीकरण सहयोग कार्यक्रम | स्थानीय सरकार तथा अन्य साझेदार द्वारा सुविधा विमुख समूहहरुका लागि निरन्तर भईरहेको र सम्पन्न भएको पुनर्लाभ तथा विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमको सूची (संख्या र खर्च रकम) | मात्रात्मक र गुणात्मक | | | |
| | सामुदायिक समूह र सहकारी आदिमा महिला र विपन्न तथा पछाडी परेका वर्गको प्रतिनिधित्व | पुनर्लाभ र विपद जोखिम न्यूनीकरण कार्यक्रममा महिला र पिछाडी परेका समूहबाट सहभागीको संख्या | मात्रात्मक | | | |
| | | पुनर्लाभ र विपद जोखिम न्यूनीकरणक लागि सामुदायिक समूह, सहकारी इत्यादिमा महिला र पछाडि परेका समूहको प्रतिनिधित्व नाप्ने राम्रा तरिका | मात्रात्मक | | | |
| झन राम्रो बलियो पुनर्लाभ विपद् जोखि न्यूनिकरणका लागि शिक्षा | विद्यालयमा अझ राम्रो र बलियो पुनर्लाभ र विपद् जोखिम न्यूनीकरण व्यवस्थापनको शिक्षा /कक्षा संचालन | झन राम्रो र बलिया पुनर्लाभ र विपद् जोखिम न्यूनिकरण व्यवस्थापनको लागि शिक्षा कार्यक्रम/कक्षा भएका विद्यालयहरूको संख्या | मात्रात्मक | | | |
| विद्यालय | वडागत रुपमा विद्यालयको क्षति र पुनर्लाभको स्थिति | विद्यालयको क्षति र पुनर्लाभको स्थिति (पहिले नै संकलन गरिएको) | मात्रात्मक | | | |
| | भूकम्प प्रतिरोधी भवन प्रविधि र मापदण्ड अनुसार निर्माण भएका विद्यालय | भूकम्प प्रतिरोधी भवन प्रविधि र मापदण्ड अनुसार निर्माण भएका विद्यालयको संख्या | मात्रात्मक | | | |
| | वडागत रुपमा बाढीबाट भएको विद्यालयको क्षति र पुनर्लाभको स्थिति | वडागत रुपमा विद्यालयको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | सुरक्षित भवन प्रविधि र मापदण्ड अनुसार निर्माण गरिएका विद्यालय | सुरक्षित भवन प्रविधि र मापदण्ड अनुसार निर्माण गरिएका विद्यालयको संख्या | मात्रात्मक | | | |
| स्वास्थ्य चौकी र अस्पताल | वडागत रुपमा स्वास्थ्य चौकी र अस्पतालको क्षति र पुनर्लाभको स्थिति | स्वास्थ्य चौकी र अस्पतालको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण गरिएका स्वास्थ्य चौकी र अस्पताल | भूकम्प प्रतिरोधी भवन प्रविधि र मापदण्ड अनुसार निर्माण गरिएका स्वास्थ्य चौकी र अस्पतालको संख्या | मात्रात्मक | | | |

| श्रेणी | अनुसन्धान विषय/ मुद्दाहरू | सुचकहरु/विशिष्ट अनुसन्धान विषयहरु | सुचनाका प्रकार | श्रोत | जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्शका लागि आवश्यक व्यक्तिको संख्या | मनोसामाजिक परामर्शका लागि आवश्यक व्यक्तिको संख्या | मात्रात्मक | | | |
| खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाईको क्षति र पुनर्लाभको स्थिति | खानेपानी तथा सरसफाईको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका खानेपानी तथा सरसफाई सुविधा | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार भूकम्पीय सुदृढीकरण संरचना भएको खानेपानी र सरसफाई सुविधाको लम्बाइ/संख्या | मात्रात्मक | | | |
| | बाढीबाट खानेपानी तथा सरसफाईको क्षति र पुनर्लाभको स्थिति | बाढीबाट खानेपानी तथा सरसफाईको क्षति र पुनर्लाभको स्थिति | मात्रात्मक | | | |
| | बाढी प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण गरिएको खानेपानी तथा सरसफाई सुविधा | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार भूकम्पीय सुदृढीकरण संरचना भएको खानेपानी र सरसफाई सुविधाको लम्बाइ/संख्या | मात्रात्मक | | | |
| **भाग ४: वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र** | | | | | | |
| स्थानीय तहमा सञ्चालित विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका कार्यक्रम/ क्रियाकलाप | स्थानीय सरकारद्धारा सञ्चालित विपद् जोखिम न्यूनीकरण व्यवस्थापन क्रियाकलापको स्थिति र प्रगति | स्थानीय सरकारद्वारा विपद् जोखिम न्यूनीकरण व्यवस्थापनका लागि निरन्तर भईरहेको र सम्पन्न भएको कार्यक्रम/ क्रियाकलापको सूची | गुणात्मक | | | |
| | | स्थानीय विपद् व्यवस्थापन समिति छ? र स्थानीय विपद् व्यवस्थापन समितिको गतिविधिको अवस्था के छ? | गुणात्मक | | | |
| | | के स्थानीय तहको विपद् जोखिम न्यूनीकरण व्यवस्थापन योजना तयार भएको छ? | गुणात्मक | | | |
| | | स्थानीय तहमा सञ्चालित विपद् जोखिम न्यूनीकरण गतिविधि/ कार्यक्रमको लागि वार्षिक खर्चको प्रवृत्ति | मात्रात्मक | | | |
| | | के विपद् जोखिम न्यूनीकरण व्यवस्थापन कोष स्थापना भएको छ ? | गुणात्मक | | | |
| | | स्थानीय तहमा स्थापित विपद् जोखिम न्यूनीकरण कोषको प्रवृत्ति | मात्रात्मक | | | |
| | विभिन्न स्तरहरूमा निकासी (Evacuation) र अभ्यास (Drill) तालिम | गाउँ/नगरस्तर, वडा र समुदायमा पूर्वसूचना प्रणाली स्थापना भएको छ? | गुणात्मक | | | |
| | | के स्थानीय तहमा सुरक्षित निकासी क्षेत्र र मार्ग पहिचान गरिएको छ? | गुणात्मक | | | |
| | | पूर्व चेतावनी सन्देश पठाउने उपकरण सहित खोजी र उद्धार औजार सहित गाउँ/नगरस्तर, वडा र समुदायले सुसज्जित छ? | गुणात्मक | | | |
| | | गाउँ/नगर, वडा तथा समुदायमा विपद् व्यवस्थापन अभ्यासका | मात्रात्मक | | | |

| श्रेणी | अनुसन्धान विषय/ मुद्दाहरू | सुचकहरु/विशिष्ट अनुसन्धान विषयहरु | सुचनाका प्रकार | श्रोत | जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
| | | घटना संख्या | | | | |
| | | गाउँ/नगरस्तर, वडा, समुदायमा विपद् व्यवस्थापन अभ्यासमा सहभागीको संख्या | मात्रात्मक | | | |
| | | सामुदायस्तरमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि प्रशिक्षित व्यक्ति र स्वयंसेवकको संख्या | मात्रात्मक | | | |
| विपद्बाट मानवीय क्षति | भूकम्पबाट मानवीय क्षति | सन् २०१५ को भूकम्पबाट मृत्यु हुनेको संख्या | मात्रात्मक | | | |
| | अन्य विपद्बाट मानवीय क्षति | हालैका वर्षहरूमा प्राकृतिक विपद्बाट मृत्यु हुने र घाइते हुनेको संख्या (वार्षिक परिवर्तनको विश्लेषण) | मात्रात्मक | | | |
| बाढी | भूकम्पबाट मानवीय क्षति | २०७८ मा बाढीबाट मृत्यु हुनेको संख्या | मात्रात्मक | | | |
| | | २०७८ मा बाढीबाट घाइते र बेपत्ताको संख्या | मात्रात्मक | | | |
| अन्य विपद् | अन्य विपद्बाट बेपत्ताको अवस्था | अन्य विपद्बाट बेपत्ता मानिसको संख्या | मात्रात्मक | | | |
| पहिरो | वडागत रुपमा पहिरोको क्षति र पुनर्लाभको स्थिति | पहिरो प्रभावितको संख्या | मात्रात्मक | | | |
| भू-उपयोग र भू-श्रोत सिमाङ्कन | भूस्खलनको जोखिममा आधारित भू-उपयोग र भू-श्रोत सिमाङ्कन कार्यान्वयन स्थिति (नक्सा) | भूस्खलनको जोखिममा आधारित भइरहेका र सम्पन्न भएका भू-उपयोग र भू-श्रोत सिमाङ्कन कार्यक्रम/क्रियाकलापको सूची (नक्सा) | मात्रात्मक र गुणात्मक | | | |
| **भाग ५: सुशासन र संस्थागत क्षेत्र** | | | | | | |
| संस्थागत रुपरे खा | २०७२ को भूकम्प पछिको पुनर्लाभ र विपद् जोखिम न्यूनीकरणको लागि पालिकाको संस्थागत संरचना वा रूपरेखा | २०७२ को भूकम्प पछिको पुनर्लाभ र विपद् जोखिम न्यूनीकरणको लागि स्थानीय तहको संस्थागत संरचना वा ढाँचामा कुनै परिवर्तन वा सुधार भएको छ? (जस्तैः विपद् जोखिम न्यूनीकरण अधिकारीको नियुक्ति, गाउँ/नगर तथा वडास्तरीय विपद् व्यवस्थापन समितिको स्थापना र कार्यगत, विपद् अघि, समयमा र पछि स्पष्ट जिम्मेवारीहरू सहित) | गुणात्मक | | | |
| विविध वर्गका मानिसको सहभागिता | महिला र सुविधा विमुख समुहको सहभागिता | पुनर्लाभ र विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा कार्यान्वयन, अनुगमनमा महिला र पछाडी परेका वर्गको सहभागिताको प्रवृत्ति | मात्रात्मक र गुणात्मक | | | |
| निर्णय | पुनर्लाभ र विपद् जोखिम न्यूनीकरण सम्बन्धी निर्णय प्रक्रियामा महिला र पछाडी परेका वर्गको सहभागिता | पुनर्लाभ र विपद् जोखिम न्यूनीकरण सम्बन्धी संरचनामा महिला र पछाडी परेका वर्गको संलग्नता बृद्धि भएको/घटेको | मात्रात्मक र गुणात्मक | | | |
| भूकम्पीय मापदण्डहरु | भूकम्पीय मापदण्ड, कानून/निर्देशिकाको | भूकम्पीय मापदण्ड, कानून/निर्देशिकाको सूची | गुणात्मक | | | |

| श्रेणी | अनुसन्धान विषय/ मुद्दाहरू | सुचकहरु/विशिष्ट अनुसन्धान विषयहरु | सुचनाका प्रकार | श्रोत | जिम्मेवारी | नतिजा |
|---|---|---|---|---|---|---|
